'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत [३१]

वर्ष ६, अंक ४ | बुद्ध सम्वत् २५६२ | ने.सं. ११३९ चिला थ्व | वि.सं. २०७५ चैत्र ६ होली पुन्ही



भक्तपुर न.पा. ७ वडास्थित मुनी विहार

# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आरचण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ
सबै छोड्ने शील राम्ररी पालन गर्छु ।।

साभार : श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजीपात्रोबाट

# अर्हत

त्रैमासिक

वर्ष ६ | अङ्क ४ | पूर्णांक ३१ | नेसं.११३९ त्रिलाथ्व

शक सं. १९४० | २०७५ चैत | बुद्ध सं. २५६२

<u>सल्लाहकार</u>

रत्नसुन्दर शाक्य

चन्द्रबहादुर उलक

<u>सम्पादक / प्रकाशक</u>

उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित

<u>बजार व्यवस्थापन तथा वितरण</u>

बालमुकुन्द बासुकला

विज्ञापन संकलक

लक्ष्मीप्रसाद रंजित

<u>कम्प्युटर</u>

सिद्धि डिजाइन डेस्कटप सर्भिस

फोन - ६६१५१०७

<u>मुद्रण</u>

भिजन अफसेट प्रिन्टिङ्ग प्रेस प्रा.लि.

बानेश्वर, काठमाडौं

Email: arhattraimasik@gmail.com

सहयोग रु. ४०।-


# सम्पादकीय

बौद्ध साहित्यिक पत्रिका अर्हत त्रैमासिकले वर्ष ६ पार लगायो। यो खुशीको कुरो हो। यस अवधिभित्र बौद्ध साहित्यको माध्यमबाट समाजमा चेतना जगाउन के कति हद सम्म पत्रिका सफल छ भन्ने विषयमा लेखाजोखा गर्न बाँकी नै छ।

हामीलाई लाग्छ, अर्हत्को मेहनत जुनकिरीले बालेको बत्तीमात्रै हो। जे होस् यसले अँध्यारोमा किरण दिन खोजेको छ भन्ने कुरा पाठक वर्गले बुझिदिएमा हामी सफल भएको सम्झन्छौं। हामीले महामानव बुद्धको विचारलाई दर्शनको रुपमा स्वीकारेको कुरा दोहोऱ्याउन चाहन्छौं।

बुद्धकालीन समाजमा व्याप्त विकृति र विसङ्गगति हटाउनको निमित्त सिद्धार्थले सबभन्दा पहिला आफ्नो मन र चित्तलाई पवित्र पारी पारिवारिक जीवन त्यागेर समाजको पूर्णकालीन सेवक अथवा बुद्ध भई तत्कालीन समाज परिवर्तनको लागि निरन्तर लाग्नुभयो। आजको समयमा जस्तो यातायातका साधनहरू तथा बाटा-घाटाहरू नभएको युगमा सुगम र दुर्गम नभनी हजारौं कोशसम्म नाङ्गो खुटामा हिँडेर मानव जातिको आँखा उघार्नमा तल्लीन रहने बुद्ध महामानव हो। यसमा कसैको दुईमत नहोला।

वर्तमान नेपाली समाजमा व्याप्त दुःख, कष्ट, शोषण-दमन, अन्याय अत्याचार जस्ता विसङ्गतिहरू हटाउन बुद्धको दर्शन पनि उपयोगी छ भन्ने लाग्छ। आज शासक वर्गले आफ्नो हृदयमा बुद्धको विचारलाई ठाउँ नदिंदा 'राजनीति धन कमाउने माध्यम हो' भन्ने भावनाले ठाउँ ओगटेको देखियो। यस अर्हत् पत्रिकाको माध्यमबाट पनि 'राजनीति देश र जनताको सेवा गर्ने माध्यम हो' भन्ने सत्य कुरा बुझाउन सके सबैको मङ्गल हुँदैन र ?

अस्तु !

# केही ऐतिहासिक तथ्यहरू

✍ भिक्षु सुदर्शन



भिक्षु सुदर्शन

***अभिलेख अनुसार सबैभन्दा प्राचीन उल्लेख लुंमिनि***

'लुंमिनि' (लुम्बिनी) नेपालको सर्वोच्च गौरव हो । अभिलेख प्रमाण अनुसार स्वयं "नेपाल" शब्दभन्दा पनि "लुंमिनि" को उल्लेख प्राचीन छ । लुम्बिनी स्थित अशोकको शिलास्तम्भ जसमा २५० इसवी पूर्वको हो । जब कि अशोक कै हाल प्रयाग स्थित शिलास्तम्भ अभिलेखमा समुन्द्रगुप्तको प्रसिद्ध प्रशान्ति प्रसंगमा उल्लेख भएको "नेपाल" अभिलेख यो भन्दा ५८० वर्ष जति पछिल्लो हो । यता नेपालमा पाइएका अभिलेखहरूमा मानदेव कै चाँगु अभिलेखमा "नेपाल" शब्द पूरक रुपमा दिने प्रयास गरे तापनि स्पष्ट रुपबाट "नेपालीहरू" रुपमा सर्वप्रथम उल्लेख "लुंमिनिं' उल्लेख भन्दा ७६३ वर्ष जति पछि छ र 'नेपाल" उल्लेख ८६१ वर्ष जति पछिको छ । ("अर्थशास्त्र" को उल्लेखलाई वाङमय प्रमाण रुपमा छापिएको छ ।) यसरी "लुंमिनि" को ऐतिहासिक महत्व त छँदै छ । यसका साथै "लुंमिनि" लाई "यहाँ बुद्ध शाक्य मुनि जन्मेको ठाउँ" को रुपमा उल्लेख भएकोले झन महत्वपूर्ण भएको छ ।

***अभिलेख अनुसार सबैभन्दा पहिलो उल्लेखित नाम सक्यमुनि***

"बुद्ध सक्यमुनि" (शाक्यमुनि बुद्ध) अभिलेख प्रमाण अनुसारका सबभन्दा पुरानो नेपालको व्यक्ति बाचक संज्ञा शब्द हो । सर्वकालीन सर्वश्रेष्ठ बुद्धको नाउँ यसरी असंख्य नेपाली नाउँहरूमा सबैभन्दा पहिले अभिलेखमा उल्लेख हुनु पनि ठूलो गौरवको विषय हो । लिच्छवि कालका अभिलेखमा पहिलो अभिलेख मानिएको चावहिलको अभिलेखमा भने शाक्यमुनिलाई "महामुनि" रुपमा पूजाको लागि स्मरण गरिएको पाइन्छ । शाक्यमुनि बुद्धका अभिलेख उल्लेख भन्दा ७१५ वर्षपछि देव रुपमा 'विष्णु' को र मानिस (राजा) रुपमा वृषदेव, शङ्करदेव, धर्मदेव र मानदेव आदि नाउँ त्यसपछि हामी देख्छौं ।

***अभिलेख अनुसार सबैभन्दा पहिलो उल्लेखित बाङमय जातक***

नेपाली वाङमयहरूमा ऐतिहासिक प्रमुख स्थापना गर्ने प्रतिस्पर्धा स्वयम्भू पुराण र नेपाल महात्म्य कालदेखि भएको देखिन्छ । तापनि अभिलेख प्रमाण अनुसार भन्ने भए वाङमयहरूमा जातकको

उल्लेख सबैभन्दा अघि भएको छ । चावहिलमा रहेको सबैभन्दा पुरानो यस लिच्छवि अभिलेखको भाषा, भाव र अभिव्यक्ति पालि त्रिपिटकको भाषा, भाव र अभिव्यक्तिसंग साह्रै नजीक छ । कज्याउन गाह्रो इन्द्रिय, त्यसै संयम गर्न गाह्रो इन्द्रियबाट सारा संसारलाई दबाई राखेको कुरा अनि त्यसै इन्द्रियलाई संयमित गरेर (इन्द्रियजीत भएर) अनुत्तर ज्ञान प्राप्त गरी संसारवासिहरूलाई दुःखबाट मुक्त गरिएको कुरा यस अभिलेखमा लेखिएको छ । उनै बुद्धको अतीत कथा "किन्नरजातक" को कुरा र अनेक थरीका चित्रबाट सजाएको चैत्यको वर्णन यस अभिलेखमा गरिएको छ ।

यसरी अभिलेखको प्रमाणको आधारमा स्पष्ट हुन्छ, नेपालको इतिहास भन्नु नै बौद्ध इतिहासबाट र नेपालको इतिहास भन्नु नै बौद्ध सभ्यताबाट प्रारम्भ भएको हुन्छ ।

***अभिलेख अनुसार सबैभन्दा पहिलो उल्लेख राजा सुपुष्प र वृषदेव***

नेपाल मण्डलका प्रामाणिक राजाहरूमा सबैभन्दा पहिलो राजाको रुपमा सुपुष्प अनि वृषदेवको नाउँ आउँछ । लडाईं-भिडाईं कम गर्ने र बोलेको कुरा पुऱ्याउने बौद्ध-चरित्रका वृषदेव राजालाई मानदेवको अभिलेखमा बेजोड राजा भनिएको छ । जब कि झण्डै तीन सय वर्षपछि जयदेव (द्वितीय)को अभिलेखमा बुद्ध कीर्तिले उनै वृषदेवलाई "राजोत्तमः सुगत शासन पक्ष- पाती" भनेर स्मरण गरेको छ । तीन शताब्दीसम्म वृषदेवको बौद्ध रुपको यशकीर्ति फैलिएको यथार्थतालाई यहाँ निर विचार गर्नु परेको छ ।

**सुगतको महत्व**

'सुगत' शब्द पालि ट्रिपिटक र प्राचीन संस्कृति वाङमयमा बुद्धको एक गुणवाचक शब्द हो । निर्वाणको बाटोमा राम्ररी जाने व्यक्ति नै सुगत हो । अतीतका बुद्धहरू जसरी जुन बाटोबाट गमन भएका थिए त्यसरी त्यही बाटोको अनुगमन गर्नुहुने तथागत नै सुगत हो । बुद्धकै युगमा बुद्धकै सामु- प्रकट गरिने बुद्धका ९ गुण (कित्ति सद्दो) मा "अरहं, सम्मासम्बुद्धो, विज्जाचरण सम्पनो" (अर्हत्, सम्यक सम्बुद्ध, विद्याचरण सम्पन्न) पछिको चौथो बुद्धगुण "सुगत" हो । सुगतको धर्म मान्नेहरू सौगत हुन् ।

***शासनको अर्थ***

"शासन" को अर्थ बुद्धको उपदेश, बुद्धको धर्म वा बुद्धको अनुशासन हो । आज पनि थेरवादी बुद्धको प्रभुत्व भएका देशहरूमा "बुद्ध शासन" (बुद्ध शासन) बुद्ध-धर्म कै अर्थमा प्रयोग गर्दछन् । यहाँ बुद्धकीतिको "सुगत शासन" को अर्थ पनि यही हो । वृषदेव राजा बुद्ध-धर्मको पक्ष लिने राजा हुन् ।

***बुद्ध शासन शब्दबाट तर्सिने तत्वहरू***

शासनको अर्थ आजकल राजनैतिक व्यवस्थासंग सम्बद्ध रुपमा लिइन्छ । जयस्थिति मल्लको राज्यकालमा धर्मको एक पक्षीय प्रभुत्व शासन प्रणालिमा थोपिएर लाभान्वित हुँदै आएको वर्ग "बुद्ध शासन" शब्ददेखि नै तर्सिएको देखिन्छ । केहीवर्ष अघि गण महाविहारमा "बुद्ध शासन सेवा समिति" भन्ने एक धार्मिक समिति स्थापना गरिएको थियो । "बुद्ध शासन सेवा समिति" को तात्विक अर्थ "बौद्ध अधिराज्य स्थापना गर्ने समिति" भन्ने विचार गरेर हो कि क्यार धेरै प्रश्नहरू खडा गरियो । मैले त्यस बेला भनें, हाम्रो यस शासन

शब्दको अर्थ राज्यसँग केही सम्बन्ध राख्दैन । बुद्धको उपदेश, बुद्धको धर्म, बुद्धको सन्देश वा बुद्धको अनुशासन अर्थमा बुद्ध शासन भनिएको हो । प्रश्न कर्ताहरूको आग्रह थियो त्यसो भए "बुद्ध-धर्म सेवा समिति" नै किन भन्नु भएन ? मैले भने धर्मको अर्थ एकातिर अत्यन्त व्यापक छ, अर्कोतिर थुप्रै अन्यौल प्रकारको छ । देवदेवीको सामु देव देवींत्व नै साक्षि राखेर देव देवीत्वलाई नै पशुपंक्षी भोग दिनु, कुनै बेला मानिस समेत भोगदिने बलि कर्मलाई पनि धर्म भनिन्छ । अर्काको स्वास्नीलाई उसको लोग्नेको रुप धारण गरेर बिगार्नुलाई पनि आदर्श धर्मा करण मानिन्छ । जाँड रक्सी खाएर हिँड्दै नसक्ने अवस्थामा "गरौं परोपकार" भनेर प्रलाप जस्तो गीत गाउँनलाई पनि धर्म भनिन्छ । त्यसकारण बुद्धको उपदेश, बुद्धको अनुशासन, बुद्धको आदर्श बोध गर्ने प्राचीन कालदेखिको परम्पराको विशिष्ट शब्द "बुद्ध शासन" हामीलाई मन पर्छ । यस प्रत्युत्तरबाट विशेष गरी पहिलेदेखि परम्पराको भन्ने लवजबाट प्रश्न कर्ता निरुतर भयो र फर्केर गयो ।

अतः नेपालमा धार्मिक सहिष्णुता र धार्मिक स्वतन्त्रताको आयामबाट विचार गरेर भन्न सकिन्छ, अबौद्ध तत्व र पक्ष कतिहदसम्म राज्य शासन शैली र शासन सत्ता बौद्ध पक्षतिर जाला भनेर सशंकित एवं भयभीत छ ।

◆



संघनायक

**भिक्षु अश्वघोष महास्थविरको**

सिघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

**बौद्ध दर्शन अध्ययन समाज भक्तपुर**

# बुद्ध व पित्यांम्ह मनू

✍ भिक्षु मेत्तेय्य

प्राणि मात्रया हित यायेगु इच्छां संसारे विचरण यायां बिज्याना च्वंम्ह बुद्धं छन्हु सुथे छम्ह अजाम्ह निर्धनम्ह पुरुषयात खन, सुया सुं हे पासा धयाम्ह मदु । अले भगवान बुद्ध न्यास: भिक्षुपिं ब्वना उगु गामे थ्यंक: बिज्यात, गन व दीन मनू च्वं च्वंगु ख: ।

भगवान बुद्ध बिज्यागु समाचारं गामे च्वंपिं सकसितं लय्लय् तायेकल । उम्ह दीन मनुखं बिचा:यात, गुम्हसित सनाथ यायेगु लागी भगवान बुद्ध अन थ्यंक: बिज्यागु ख:, 'अहा ! भगवान बिज्यात खनि । थौं वसपोलयागु उपदेश न्यने दइतिनि ।'

तर उखुनु हे व निर्धनीया द्रहँ खिप: फ्यना जंगल पाखे बिस्युं वन ।

'न्हापां द्रहँ माला हये, अले उपदेश न्यने' थथे बिचा: याना व ब्वांब्वां जंगल पाखें स्वया वन ।

थुखे गामे च्वंपिं भगवान बुद्ध सहित सकल भिक्षु संघपिन्त अति स्वादिष्टगु व उत्तमगु भोजन भपिका धर्मोपदेश न्यनेत फेतुना च्वन ।

अन भगवान बुद्धं विचार याना बिज्यात, 'गुम्हसित उद्धार यायेत जि थन वया व ला जंगल पाखे वना च्वन । अले गय् व मव:तले उपदेश बी:' भगवान बुद्ध शान्त जुया च्वना बिज्यात ।

अबले तकं उम्ह दीन पुरुष द्रहँ लुइका छैं तया उपदेश बीगु थाय् पाखे थथे बिचा: यायां ब्वाँय् वया च्वन, 'यदि भगवान बुद्धं उपदेश बी सिधयेका बिज्यागु हे जूसां वसपोल यागु दर्शन व चरण स्पर्शला अवश्यमेव याये खनी तिनि !'

व दीन पुरुष वल, वया भगवान बुद्धयात अभिवादन याना छख्य लिना फेतुत, पित्यागुलिं वयागु ख्वा: चमक्कं, वयागु मिखां नं दु:खया प्रतिबिम्ब य:खाया क्यना च्वन ।

थ: भक्तया क्षुधाया पीडा खना भगवान बुद्धं गृहस्थीपिन्त स:ता धया बिज्यात, 'श्रद्धालु ! थन भोजन ल्यँ दनि ला ?' अले दु धयागु लिस: वयेवं वसपोलं उम्ह दीन पुरुष पाखे संकेट याना वयात नकेगु आदेश बिया बिज्यात ।

इमिसं फेतुना वयात प्वा: जायेक भोजन याकल । भोजन याये सिधयेवं क्षुधा शान्तम्ह उम्ह दीन मुसुमुसु काकां भगवान बुद्धया उपदेश न्यनेत फेतू वन ।

भगवान बुद्धं बिया बिज्यागु उपदेशं व उम्ह दीनयात शान्ति प्राप्त जुल । भगवान बुद्धं भिक्षुपिन्त स:ता आज्ञा जुया बिज्यात, 'दया च्वंगु कष्ट व पीडा मध्ये त:धंगु कष्ट व पीडा पित्याइगु ख: ।'

हे भगवान बुद्धया अनुयायीपिं, भगवान बुद्धं थें हे संसारया दीन कंकालपिनिगु पित्या- गुराप शान्त याना ब्यु !

संसारे पित्या:पिनिगु पित्या: शान्त जुइवं हे तिनि संसार सुखमय जुइ ।

◆

# मां

✍ कविकेशरी चितधर हृदय

'मां' कुमारं धाय् मसय्कं मांम्ह मायां तोतल,
राजकुलया शान्ति-सुख थौं कुर कालं यंकल ।
नृपतिया सन्तान मदया: च्वंगु रजनी-तम छ्वया:
शाक्यकुलरवि लूगु ध्व सुथें शोकयागु सुपाँय् वया:
कपिल पुरवासी प्रजापति वक्त्र-गगने तोपुया:
राजधानी सूर्य द:सां ख्यूँल वर्षा थें छुयाय् !
न्हय्न्हु तिनि दत लुम्बिनी दुन्य जन्म जूगु कुमारया
मोल्हुका: ब्यंकुगु म्हिग: तिनि लाय्कुली दुन्य दुत हया: ।

न्यंक देशे यक्व उत्सव याय्गु इच्छा ल्यंदनि
तर छुयाय् सो हर्ष लिस्य लिस्य शोक नं वेयो खनी !
दुरु व ल: थें ज्वीक जनता च्वंगु आनन्दे दुना:
थौं ध्व कालं ब्याक्क स्यंकल वेदना-पाऊँ छुना: ।
गुम्ह म्हिग: बहनी न्हिला: च्वन पुत्रयात स्वया: स्वया:
"गुलि ध्व उज्वल ज्वी भविष्ये !" धैगु थुगु आशा क्या: ।
उम्ह महारानी महामाया कतामरि थें जुया:
हाय विधि ! थौं ग्वोंगु सो सो प्राण तोता, गां पुया: ।

शाक्यजुजुया हृदय उदधी शोकया वाफय् वया:
स्थिरगु पर्वत जोगु उगु जलयान प्वीकल धैर्यया ।
स्नेहया सरिता सुनां च्वन विरहया तापं क्या:
सीम्ह रानी तूंक स्वैच्वन न्हकुतिया: भसुका: तया: ।
नेत्र ह्याउँगु सो मिपू थे, श्वास पन्नगयागु थें,
ख्वा: छुपा जक ख्यूँगु वावय, त्योगु बर्षा मेघ थें ।

वैगु फर फर म्हुतुसि संसां वाक्य छुं प्याहाँ मव:
प्राय छाय् मस्यु ल्हा: निपा जक मदिक ब्वे ब्वे स्या:गु सो ।
अन दु वास: जा:गु थलबल यक्व नाना रत्नया,
क्वा:गु ल: दुगु कनककुन्धा: भिंगु पंखा पत्रया ।
वैद्य, ज्यातिष खन्यदु अन, कृतहस्त शल्य चिकित्सक,
लायगु ला गन प्राण लिस्य फुत अमिगु वास:, धन जक ।
ख्यूँ क ख्वा: ज्याना अपिं वन सीम्ह तोता: याकन,
न्होन्यसं सुतयात ज्वीगु खँ वैगु हृदयं फुक खन ।
"हाय शुश्रूषा सुनां आ: यायि बालक पुत्रया ।"
थुलि मने वाय्का: नृपति ख्वल सीम्ह थ: रानी स्वया: -
"सुनां यायि सेवा धका ख्वैत मा:गु
प्रिये । पुत्र तोता: छ छाय् गोतुलागु ?
मिखा छं कना सो छकोला पुलुक्क
गपायचो पुता न्ह्यूगु बांला: मुसुक्क ।

इही या:बले भी निम्हे जूगु प्रीति,
तथा छंगु ल्हा: गय् ज्वना जिं लुमंकि ।
क्वथाय् वेव न्हापां जित: गय् स्वया छं,
प्रिये । अय् छको थौं क्यलेहें मिखा कँ,
तिसा वस्त्र मा:सा बरु देवि । छन्त
हया: बी जि स्वर्गे वना: सां तुरन्त,
जि धात्थें मयोला, छ छाय् नं मवाय्गु ।
प्रिये। या सदा थें छको ला खँ ल्हायगु ।" (भुजङ्ग प्रयात)
शीघ्र थ्यंक: वल महामन्त्री, सचिवपिं अन क्वथाय्,

थुगु अवस्था खन, अपिं अल्य चा:गु खन्यदु हथाय् मथाय् ।
छुं खँ ल्हाय्मफु हाय अमिसं सुंक च्वंच्वन अन दना:,
भति लिपा नृपतिं खना: तिनि यात अमिसं वन्दना ।
बन्दनाया जुल लिस: सो "फूंक" भसुका: हे अन,
बुद्धि दुम्ह मन्त्री छम्हेस्यां छु खँ यात निवेदन –
"शाक्यकुलतीलक ! ख्वयां भी सीम्ह ल्याहाँ वैगु सा
प्राण बी मा:सां बिया: लित हयगु उम्ह भी गृह-तिसा ।
जन्मका:छिं भीत ख्वेका: वन छुयाय् तोता: पुता,
वैगु गुण जक आ: लुमंक्यगु भीगु ल्यंदनि ज्या छता"
"खयुत ख: फुक तर छुयाय् जिगु मन मच्वं प्रिय बन्धुपिं।"
थुलि धया: हानं छको भसुका: तया: च्वन नरपतिं ।

उखयर मेपिं सेबिकापिं नाप रानी गौतमी
"जिमित तोता: गन वना योता।" धका ख्वै च्वन तिनि ।
राज्यकार्ये मन्त्रणा बीफुम्ह व मन्त्री नं अन
उचित उत्तर ल्वीक्य मफया: स्तब्ध थें जुल छुं क्षण ।
भति लिपा वं नम्रता पूर्वक उथाय् संयत जुया:
सरल समयोचित खँ सल्हा: बिल मिखाय् ल्हातं हुया:–
"नाथ। छ:पिं हे ख्वयां थय् तयगु जिमि मन गय् अहो।
आ: कुमार स्वया: हृदयया शोक तंका: दिसँ प्रभो ।
ख्वेगु ज्या निर्बुद्धि जनया, शाक्य नरपति पण्डित,
धैर्य पूर्वक मदुम्हस्या प्रतिमूर्ति रक्षां ज्वी हित ।
यंक्य मा: याकन सिथं, ई दनिबले दिप थ्यंक्य मा:,
स्वेत वैपिं वालवमिता थ:गु गृहस लिथ्यन्य थमा ।
शीघ्र जिं स्वे मा:गु द्रव्यत निं ज्वरे याय् माल आ: ।"
बिन्ति थुलियाना: सचिवपिनिव ख्वा:स्वया: न्यन "गय ?" धका
ख: हथाय् जुल ब्याक्क मा:गु पदार्थ अमिसं थुलि लिस:
बीव धुकुटी मदुगु बस्तुत न्याय्त ब्वां ब्वां छ्वत पस: ।
तास तिनिखालं भुना: श्रीखण्डयां ख: दय्कल,
रंगरंगगु पाट चाना: ध्वाँय् पताका ब्वेकल ।
कुंकुने च्वामो दु घाना: त:गु फरफर संक सो,
ताय् व स्वांमा:यागु किंकिणिजाल खाया: त:गु सो ।

देगले दुन्य च्वंम्ह द्यो थें सीम्ह रानी ब्वेहल,
वैगु म्हे भिंभिंगु वस्त्र तिसा व स्वानं छाय्पल ।
देश हे नं ध्वकक ह्वाँय् ह्वाँय् ख्व:गु सकलें सी" धया: ।
न्ह्यो न्य पञ्चसुगन्ध पूर्णगु कनक कुंधा: हाय्कल,
बैगु ल्यू ल्यू ताय्, फिपू व अभीर, बीभ: दां ह्वल ।
विज्ञ विप्रपिसं क्वब्वीका: यक्व च्याका: पुलुपुलु
गुलि सन्हां व:पिं दु ल्या: मदु ब्याक्कस्यां बरु ख्वा: बुलु ।
"शाक्यरानी गन वना थौं देवदहपुर-नन्दिनी
हाय गय् वाना थ्व छिम्ह सुत न्हयन्हु दुम्ह बालक तिनि"
थुगु प्रकारं थ:मुले काय् म्हयाय् दुपिं सीमन्तिनी
ब्याक्क ख्वेका: थौं सिथं यन देश नापं दिनि दिनि ।
अगर चन्दनया सिँपे कर्पूर सिल्हाय्धू ह्वला:
ध्यो लुना: छ्वेकल मि दन्दन नभस थाहाँ वन जला,
कान्त कोमल देह गुकिया शेष अन नौ जक जुल,
हाय दर्शकपिनिगु मनया आश नापं च्वीकल ।
युद्ध यायां देशया स्वाधीनता समरे मिया:
व:गु थें ल्याहाँ वया: च्वन न्ह्या:गु लखस मिखा पिया: ।
लाय्कुली सी मूगु ध्व समाचार थ्यन्यवं मोल्हुया:
मा:गु सुचिनिचि फुक सिधय्का: स:म्ह अजि स:तक्य छ्वया:

वैत ल्येका: च्याम्ह तुतुमां शुद्ध दुरुपिं तैबिल,
चो खि काय्क्यत घ: मचा:पिं च्याम्ह दासीपिं जिल ।
च्याम्ह बालकयात म्हितिक्यत चतुर धातृ नं तल,
मेगु परिचर्यात याक्यत च्याम्ह हे युवती ल्यल ।
मामयागु अभाव धात्थें पूर्ति यात व गौतमीं
ध्वैगु कारण ख: चमा जक मखु व चानं जूगुलिं ।
शोकयागु थज्यागु समये असित ऋषि थ्यंक: वया:

शाक्य नरपतियात आशीर्वाद नं बिल नां क्याः ।
वैत नृपतिं मान पूर्वक उचित उच्चासन बियाः
यात भक्ति तयाः प्रणाम शिरं वया चरणे थियाः-
"धन्य जुल थौ शाक्यकुल छःपिनि पदार्पण थन जुयाः
दासया कर्तव्य छु दु फुक माःगु दिसँ आज्ञा जुयाः"
नम्रता युक्त थुगु वचन तायाः व ऋषि मुसुमुसु न्हिल-
"मेगु मखु छुं नृपति ! छःपिनि सौम्य सुन्दर सुत बुल
धाःगुलिं दर्शन छको याय् धैगु आशं थन वया"
द्रुतगतिं भुंकाः इचां आत्मज क्वथां पिन्य पित हयाः
असित तापसया तुती अनियाक्य त्यन उम्ह भूपतिं,
खन्यव हे काचाक नृपसुतया तुती भोपुल यतिं ।
शाक्यराजकुमारयागु शरीरया लक्षण स्वस्वं
कालदेवलयागु वैच्वन अश्रु बाःबाः नेत्रस ।

असित ख्वःगु खंनाः मने आश्चर्य जक चायाः जुजुं
विविध शंका जूगुलिं ल्हाय् मफु खँ माःगु उजुं सुजुं ।
भति लिपा संयत जुयाः न्यन -"पूज्य ! छःपिं छाय् ख्वया
बा मभिंगु पकाः दुला प्रिय पुत्र राजकुमारया ?
जन्म ज्वीका : न्हयन्हु दय्वं मन्त भन्ते ! मांम्ह नं
धा तपोधन ! छा जकं छाःला ध्व वालक हे जकं ?"
थुलि धयाः ल्हाः विन्ति यानाः सुंक च्वन शुद्धोद्न,
ग्याःम्ह जुजुया ख्वाः स्वयाः ख्वे माःगु कारण वं कन-

"राजन् ? पकाः छुं मदु आयु नं गाः
न्ह्याकैगु ध्वं सुन्दर शान्ति- गंगा
धात्थें ध्व छानाःमखु मांम्ह सीगु
सीमाःगु खः कारण आयु फूगु ।
तोताः वनाः सुत, सद्‌भ, रानी
सर्वज्ञ ज्ञानी गुणयागु खानी
संसार उद्धारक वीत रागी
शास्ता ध्व ज्वी निश्चय सर्वत्यागी ।
अय्सां छुयाय् ज्वी धुन पूर्ण ज्याथ
गय्ध्वैगु चर्या खनि शाक्यनाथ ।
राजन् ! उकीं हे जुल अश्रुपात
छुं विन्घ वाघा मदु राज्य यात ।" (इन्द्रबज्रा)

थुलि धयाः योगी असित ऋषि आश्रमे ल्याहाँ वन
गौतम रानी व जुजुया चित्त छुं भति चक्कन ।
ब्वां वयाःतुतुमांपिसं वालक बुयाः दुन्य दुत यन्,
राज्यकार्यें स्वेत भूपति नं सभाभवने वन ।
शोक पाःजुल छुं भचा तर ग्रीष्म ऋतुया ताप भं
वृद्धि जुल रविया प्रतापं ब्वाँ वने छर्यें सकभनं ।
च्वन्यत तांनो, नय् मसाः म्हुतु, ध्यन्य मव्यू कुसि धँय् वयाः
न्ह्यो मवय्कं फ्वीगु रात्री पतितस्यं मङ्गल पुयाः ।
वाटिकाया बृक्ष वृक्षे हे्वमलाः निगु स्वां मुखू
गुगु वसन्ते वनस वाउँस्य च्वंगु हःनं गन सुखू ।
वायु गुगु खः जीवपिनि जीवन व नं क्वानाः अति
जुल भयङ्कर प्राणहारी हाय काल कुटिल गति !
पिन्य निभाले च्वन्य मछाःसं, च्वन क्वथाय् दुन्य दुन्य सुलाः
थःगु मज्जिमगाःगु ज्यां पिन्य वैगु भिंगु कुसां कुया : ।
ब्याक्क पक्षी ज्वी स्वले हे नभस छम्हं मदु खन्य,
पशुत नं तरुयागु किचले च्वनिगु वा पाक्वे दुन्य ।
लःसुनाः च्वन फुक खुसी नं न्यंक त्वीक फि खन्यदत,
बिगतयौवन मानिनीया रुपया थें द्युति फुत ।
फुक लुमंकाः योम्ह पासां मदिक याःगु अमित हित
उच्च प्रेमी जलज जन्तुत नीर नापं हे सित ।

कुर कालं सूर्य छेवका क्वाक्क फि सियाः च्वंगुली
वायु धवलं पुत्तु प्वीकाः न्याक्क संकुगु सो उली,
छूगुला मसला उकी मस्यु दक्क हे की भन फुक,
प्राय लायिगु काल चके हाय दुर्वल हे जक ।

फोंसि कःबसि आदि सःगु सिमाकचाय् अमि त्वाः दिकाः
तांन्वयाः विहगत सुलाः च्वन वृक्षया पत्रं किकाः ।
ताप इ सिमां सहलपा सो प्रकृति अति हर्षित जुयाः
पारितोषिक ब्यूगु इसिया तुकि सुयाः च्वन मुसुक्याः ।
प्रबल तेज खनाः उभ्काने सकभनं हे ग्रीष्मया
वीर अभिमानी गुलाबं म्हे तमं कं पित कयाः
तूंक स्वै च्वन च्याक्क ह्याउँगु ख्वाः ब्वयाः भ्कवातां दनाः,
इन्द्रकमलं वैत लिधंसा ब्यूगु सुन्दर स्वां छुनाः ।
मेगु स्वां छुं हे्व मछाःसां ग्रीष्मयागु भयं कयाः
च्याःगु खंसां थुगु प्रताप वया सुहृद आदित्ययां
थ्योंगु सीकाः सूर्य द्योथाय् "पतन ज्वी आःग्रीष्मया
आःबले लीमाः ध्व पाटल नाप थुलि चित्ते तया"
कचिगु अंनं धैर्य पूर्वक थःगु नुगले रस मुनाः
योगु वर्षाया प्रतीक्षाय् तरुस च्वन थिकु थिकु सनाः ।
स्थलकमल नं समय सीकाः वृद्ध जूसां ह्वै च्वन,
धाल्यपतिस्वां छाय् लिपा च्वनि स्वां ह्वयाःसाहस क्यन ।

प्रकृति देवी योम्ह वैर्षा वैगु आशं ग्रीष्मया
ताप सह यानाः बने जीवित जुयाः च्वन मन तयाः
तर छुयाय् अन नं गुँ मिंजल ग्रीष्मया तापं कयाः,
लुप्त थें जुल प्रकृति नं छुं काल पृथिवी मां जुयाः ।
ज्येष्ट रानी मदुगुलिं जुजुयागु नुगले विरहया
बाःवयाः फुक धैर्य च्वीकः यंक्य त्यंसां पुत्रया
कीर्ति द्वारा वंश उज्वल ज्वीगु आश-तुतां चुयाः
राज्य यानाः च्वंगु थें सुत–स्नेहया गां ख्वबि हुयाः ।
समय जुल अयूसां बुँ पाल्यगु ग्रीष्मउत्सव राज्यया
नाप हे वन्य माःगु जुजु नं कर्मचारी भृत्यया,
वन्यत वै च्वन कृषकपिं नं नगरया त्वाः त्वाः मुनाः
पक्व छाय्पाः दुगु तिसां, न्हून्हूगु वसतं म्हे पुनाः ।
क्वबुल अमिसं नो ख्यलाः जाःजाःगु द्वलखःमू कयाः,

वल गुलिं थिकु थिकु म्ह्य क्वबुया स्वस्थ सुन्दर तन ब्वयाः ।
खिं क्वखायाः वल गुलिं सो, सो गुलिं वल बय् पुयाः
कृषककन्यापिं बथां हे पर्सि ल्हातं घय् सुयाः ।
वल गुलिं सो कल्लि न्याय्काः न्हाय्पने चाःचां सुयाः
अर्धवयपिं मिस्त वैच्वन गुलि मचात बुयाः बुयाः ।
स्वर्णया शिविकाय् च्वनाः मृदु वस्त्र संकाः फरफर
शकमहारानीं तयाः हल थः मुले शिशु सुन्दर ।

सुमनरज अजलं मिखाय् चीकाः नस्वाः चिकनं बुकाः
पालिया तःले चुलाः हाकुक अजः सिन्हलं तिकाः ।
सेविकापि नं वयाःच्वन पाटया वसतं पुनाः
मुदुल कुञ्चित स्निग्ध सपले रत्न पूर्ण लुँस्वां छुनाः ।
ल्वेक आभूषण तियाःवल थीगु सुन्दर मणि थुनाः
गौतमीया याप्पयाने पिन्य छचालं ह्य् भुनाः ।
रत्न भूषित सल गयाःवल शाक्यपति शुद्धोदन,
शकप्रधानत नं गयाःसल वैगु नाप वयां च्वन ।
यन बुँ वाय्क्यत पुष्टपिं वासात नाना रङ्गपिं
घंगला गंमाः क्वखाय्काः ब्याक्क निम्ह निम्ह जो दुपिं ।
ब्यन्यव ब्वीं उख्य थुख्य स्वयाः सुखपाल खःमू छख्व दिकाः
वन बुँ पाल्यत कृषकपिं थःपिनुगु ब्वहले कू दिकाः ।
लंच्व धुँसुयाः मदिक सो सो चःति वय्क बुँ पाःगु सो,
मिस्त खापाय् दाय्त भो हे अमिगु ल्यूल्यू वंगु सो
पर्सिगुजि फुक थतक्याः तुतिया पिलाक्व ब्वयाःब्वयाः
पीनकुच सीदय्क ब्वहले जक छ्व चो गाचो तयाः ।
भति दनाः थःपिनिगु लज्जा यौवनं ह्याउँगु न्यताः
गां हुयाः च्वन, ल्याय्म्हतय्सं गुलि हिस्याः अमिसं मताः ।
अमिगु ल्हाते दुगु सिँयागु खतां मुगः प्याखं हुल,
न्हूगु द्यामे च्वंगु चापाँय् ब्याक्क हे चुं चुं जुल ।
छाःगु चा गन गन दु अन अन न्यंक हे सा वाय्कल,

धकि व द्याहाले तया: अन अन्नयागु पुसा ह्वल ।
प्यायुथ्वँ अयूला:यागु रङ्ग च्या:गु सुन्दर ख्वा: ब्वया:
ज्यां दिना: कर्षकत प्याखं हूगु सो जँ तिया: तिया: ।
पत्रछाया, सरस फल दुगु अन दु गुँ भ्रमसि मा छमा
वैगु किचले रत्नकिंकिणिजाल पूर्ण इलां प्यना:
पिन्य छचालं गां खुया:दुन्य अन्तपुर दयूका: बिल,
मोति ज्वा: खाया: लुँ या सुन्दर मचाकथि नं तल ।
मुदुल लासाय् द्योन्य राजकुमार तूफुंगे ध्यना:
कार्यकुशला चतुर धातृपिन्त उम्ह बालक क्यना:
गौतमी रानी ब्वना: जु जु नं बुँ सोवन उख्यु थुख्य,
नृपति गुख्य वन ज्वीगु जय जय कार उत्सव उख्य उख्य ।
ता:गुलि पिंन्य जूगु उत्सवया मनोहर गुञ्जन
स्वेगु इच्छा जुगुलिं मिस्तयूगु मन खुलु खुलु मिन ।
पालया प्वालं स्वया: च्वन दृश्य खन्यदुगु भति भति,
स्वेगु तोतल ख्व:गुलिं उख्य शाक्यकुलया सन्तति ।
स्व:बले अमिसं प्रथम अन ब्याक्क हे खन शून्य थें,
खन लिपा क्वे थ:गु लासां कुतुवया: फेत्तुगु थें ।
जुजु व जनतापिं ध्व खं आश्चर्य चाया: मन मन
मा:गु सकतां ज्या सिध्यका: लायूकुली ल्याहाँ वन ।
(सुगत-सौरम महाकाव्यया मां नामगु प्यंगूगु सर्ग सिधल ।)
ने.सं. ६२ साद पोहेंला थ्वो ११

◆


बौद्ध साहित्यिक पत्रिका

**अर्हत त्रैमासिक**

निरन्तर प्रकाशनको लागि
शुभकामना व्यक्त गर्दछ ।

**Tri Laxmi Traders**

Ph. No.01-6617122, Mob. 9841334779, 9841581784
Chymhasingh Road-2, Bhaktapur

***Stockist :*** *Shankar gold Srew. Alok fold screw, Machine screw & Rathicol, Pashupati Paints, Tirupati Paints & many More...*

बौद्ध साहित्यिक पत्रिका

**अर्हत त्रैमासिक** निरन्तर प्रकाशनको
लागि शुभकामना व्यक्त गर्दछ ।

प्रो. लक्ष्मीसुन्दर कोजू

**त्रिवेणी मेटल वर्कसप**

लिवाली-८, भक्तपुर, मो.नं. ९८१८२४०५३८

# जर्मनका बौद्ध विद्धान डा. पाँल ढाल्के

✍ रत्नसुन्दर शाक्य



रत्नसुन्दर शाक्य

यूरोपमा सबभन्दा बढी बुद्धधर्मको प्रचार प्रसार भएको देश जर्मनलाई मानिन्छ । यसको खासकारण जर्मनबाट महान् विचारक (दार्शनिक) शोपनहार (Scho penhauer) पछि लगत्तै डा. ढाल्केको आगमनले बुद्धधर्मको प्रचार तीव्ररुपमा हुन गएको हो । २० औं शताब्दीको शुरुमा नै जर्मनमा बौद्ध साहित्यद्वारा मात्र नभई बौद्ध जीवन (विनय पालन) द्वारा पनि जर्मन निवासीहरूलाई बुद्धधर्मको प्रशंसा गराउनेहरूमा डा. पाल ढाल्के नै प्रमुख हुन आउँछ ।

डा. ढाल्केको जन्म पाँलको रुपमा २५ जनवरी १८६५ को दिन पूर्वी जर्मन (प्रसिया) को 'ओस्तेङ शेड' नामक शहरमा भएको थियो ।

उहाँको विद्यार्थी -जीवन सिर्फ देखावटीमात्र थियो, भनाइको अर्थ उहाँ सिर्फ शिक्षकहरूलाई सन्तुष्ट पार्नमात्र कक्षामा रहन्थे । त्यसपछि त उहाँ जहिले पनि आफ्नै निजी काममा लागिरहन्थे, त्यो काम हो - विभिन्न किसिमका पत्थर, सिक्का, पंक्षी, फुल र भ्यागुताहरू संकलन गर्नु ।

जसोतसो गरी उहाँले १८ वर्षको उमेरमा स्कुल शिक्षा समाप्त गरी डाक्टरी शिक्षाको अध्ययन शुरु गर्नु भयो । डाक्टरी शिक्षाको अध्ययनमा त अन्य शिक्षार्थीहरू भन्दा उहाँ निकै परिश्रमी हुनुभयो ।

डाक्टरी शिक्षा समाप्त गरिसकेपछि उहाँ होम्योपैथिक चिकित्सातर्फ लाग्नुभयो र थोरै समयमा नै उहाँको प्रयोग (Practice) हरू अति नै सफल भयो । अत: ३३ वर्षको उमेरमा डा. ढाल्केले आफ्नो डाक्टरी कामले प्रशस्त धन–सम्पत्ति कमाउनुभयो जसको प्रयोग गर्ने चाहना लिई उहाँ- विश्व भ्रमण गर्ने आशयले जर्मनबाट प्रस्थान गर्नुभयो । उहाँ भारत, जापान, हवाई, अमेरिकामात्र पुगेका थिए, अकस्मात् आमाको अस्वस्थताको खबर पुग्नासाथ तुरुन्त जर्मन फर्कनुभयो । त्यस बेलासम्म डा. पाँल ढाल्केलाई बुद्धधर्मको विषयमा केही पनि जानकारी भएको थिएन ।

आमाको पूर्ण स्वस्थतापछि अवकाश प्राप्त गरी फेरि डा. पाँल ढाल्केले भ्रमणको निमित्त शुभारम्भ गर्नुभयो । यस पटकको यात्रामा उहाँ श्रीलंकामा पनि पुग्नुभयो । श्रीलंकामा उहाँको सत्सङ्ग बौद्ध भिक्षुहरूसँग हुन गएको कारणले उहाँले बुद्ध र बौद्ध साहित्य सम्बन्धी प्रशस्त ज्ञानआर्जन गर्नुभयो । विशेषत: उहाँले विद्योदय परिवेणका प्रधानाचार्य हिक्कडुवे सुमङ्गल महानायकसित बुद्धधर्मको शिक्षा हासिल गर्नुभएको थियो । त्यस्तै बलाने धर्मानन्द नायक थेरसित पनि पालि-साहित्यको शिक्षा हासिल गर्नुभएको थियो । उहाँले स्थविरवाद बुद्धधर्ममा यति दिलचस्पी राख्नुभयो कि उहाँ बौद्ध उपासकमात्र नभई बौद्ध भिक्षु नै बन्ने चाहना गर्नुभयो तर स्वास्थ्यको कारणले गर्दा प्रव्रजित (भिक्षु) हुने ॥ इच्छा पूर्ण हुन सकेन । नत्र जर्मनको पहिलो भिक्षु ञानातिलोक (सन् १८७८-१९५७) नभइकन उहाँले हुने थियो ।

उहाँले बर्मामा पनि भ्रमण गर्नुभएको थियो । त्यहाँ पनि उहाँको आफ्नो अध्ययन जारी थियो । वहाँले बुद्ध र बौद्ध साहित्य सम्बन्धि जति पनि ज्ञान हासिल गर्नुभएको थियो, आफ्नो स्वतन्त्र अध्ययन तथा मनन गरी त्यसमा आफ्नो मौलिक छाप लगाई दर्जनौ ग्रन्थहरू लेख्नुभयो । जर्मन भाषामा लेखिएका उहाँको ती अनेकौ ग्रन्थहरूको अंग्रेजी अनुवाद भिक्षु शीलाचार (सन् १८७१-१९५१) ले गर्नुभएको थियो ।

पाँल ढाल्केकोले ग्रन्थहरूमात्र लेख्नुभएन, अनेकौ पत्र-पत्रिकाहरूको पनि प्रकाशन गर्नुभएको थियो । उहाँले पालि बौद्ध साहित्यको अध्यनार्थ आठ पटकसम्म श्रीलंकाको यात्रा गर्नुभएको थियो ।

अन्तमा श्रीलंकाबाट फर्कनुभई उहाँले सन् १९२४ मा वर्लिनको फ्रोनहाउ (Fronhau) भन्ने स्थानमा एक बौद्ध गृह (Buddhistisches House) को निर्माण गर्नुभयो जुन गृहको मूलद्वारदेखि लिएर सिँढी समेत आठ तल्ले र बान्ह तल्ले गरी आर्यअष्टांगिकमार्ग र प्रतीत्यसमुत्पाद (द्वादशांग-कार्यकारण सिद्धान्तको १२ अङ्ग) को अर्थमा बनाउनुभएको थियो ।

बौद्ध-गृहको मूलद्वार साँची (भोपाल प्रान्त) को कलात्मक पाषाणद्वारको एक सानो नमूनाको रुपमा नै थियो । त्यस बौद्ध-गृहमा रहनको साथै ध्यान गर्नको निमित्त पनि १६, १७ वटा स-साना कोठाहरूको पनि प्रबन्ध थियो । जसको बीचमा एउटा हल (Hall) थियो- जो विहारको रुपमा थियो जहाँ महिनाको दुई पटक जर्मनका बौद्धहरू धर्मको बारेमा छलफल गर्दथे ।

देश-विदेशबाट आएका बौद्धहरूको निमित्त यस गृह अतिथिगृह वा धर्मशालाको रुपमा पनि उपयोग हुँदै आएको थियो । उदाहरणको रुपमा सन् १९३२ मा भदन्त आनन्द कौशल्यायन धर्म प्रचारार्थ इङ्गलैण्ड जानुभएको थियो । उहाँ इङ्गलैण्डमा रहनुभएको बेला केही समयको निमित्त जर्मनको पनि भ्रमण गर्नुभएको थियो । जर्मनमा उहाँले त्यस बौद्ध-गृहमा एक

वर्षाबास (सन् १९३३) बिताउनुभएको थियो । भदन्त आनन्द कौशल्यायनको जर्मन आगमन डा. ढाल्केको निधनको ५ वर्षपछि भएको थियो । उहाँको अतिथ्य पूर्णरुपमा ढाल्के परिवार (माता सहित डा. ढाल्केका तीनै जना बहिनीहरू) ले नै गुर्नभएको थियो ।

यस्तै भिक्षु राहुल साँकृत्यायन पनि इङ्गलैण्डमा केही महिना रहनुभएपछि पेरिस (फ्रान्स) जानुभएको थियो । पेरिसबाट बर्लिन पुगी त्यही फ्रोनहाउको "बौद्ध गृह" मा सन् १९३२ को दिसेम्बर महिनामा २ हप्ता ढाल्के परिवारको सम्मानित अतिथिको रुपमा रहनुभएको थियो । त्यसबेला त्यस 'बौद्ध गृह' मा एक अन्य जापानी भिक्षु पनि बौद्धधर्म र संस्कृत पढ्नको निमित्त आइरहनु भएको थियो जसको नाम जुन्जी सकाकीबारा थियो जो पछि राहुल साँकृत्यायनको एक घनिष्ठ मित्र बन्न पुगेको थियो ।

डा. पाँल ढाल्केले बनाउनुभएको त्यस बौद्धगृह वा बौद्धविहारलाई पश्चिम (युरोप) को निमित्त एक प्रमुख बौद्ध-शिक्षणालयको रुप दिने डा. ढाल्केको चाहना थियो । अत: आफ्नो डाक्टरी कामबाट प्राप्त सबै रकम यस 'बौद्ध-गृह' को निमित्त खर्च गर्नुहुन्थ्यो ।

उहाँले उत्तरी सागर (डेनमार्क र इङ्गलैण्डको बीच) को एउटा द्वीपमा पनि 'बौद्ध-गृह' को रुपमा ल्याउने उहाँको चाहना पूर्ण हुन नपाउँदै २६ फरवरी १९२८ का दिन उहाँले सदाको निमित्त श्वास-प्रश्वासको क्रमलाई त्यागनुभएको थियो ।

उहाँले भनेको ग्रन्थहरूमा 'बौद्ध प्रबन्ध संग्रह 'बौद्धधर्म र विज्ञान' एवं 'बौद्धधर्म र मानवताको मानसिक जीवनमा त्यसको स्थान' नामक ग्रन्थ उहाँको अन्तिम र अद्भूत ग्रन्थ मानिएको छ ।

त्यस्तै दीघनिकाय, मज्झिमनिकाय, धम्मपद, जातक, सुत्तपिटकको सारांश र बुद्धजीवनी आदिको पनि अनुवाद गरी जर्मनीहरूको बौद्धिक क्षेत्रमा पनि हलचल ल्याइदिनुभएको थियो ।

यसप्रकार डा. पाँल ढाल्के चिन्तन र मननमा शोपनहार र कार्यक्षेत्रमा जर्मनको अनगारिक धर्मपाल हुनुहुन्छ ।

सन्दर्भ-

१. विश्वय् बुद्धधर्म (भाग-४) -भिक्षु सुदर्शन
-चन्द्रवीरसिंह कंसाकार बु.सं. २५१८
२. जो न भूल सका- भदन्त आनन्द कौशल्यायन
-हिन्दुस्तानी पब्लिकेशन्स, शाहगंज, इलाहावाद,सन् १९२८
३. मेरी यूरोप यात्रा- राहुल साँकृत्यायन
-किताब महल, इलाहाबाद

◆

गरिबी अवस्थामा मुठ्ठीभर पीठोको पनि चाहना हुन्छ। त्यसपछि (धन सम्पन्न भएमा) उनै मानिसले पृथ्वीलाई समेत त्रृणसमान ठान्दछन्। त्यस कारण संसारमा धन धेरै-थोरै जे जति के कति हुनुपर्दछ भन्ने एकै नाशको कुनै निर्धारित स्थिति (नीति) छैन। धनीवर्गको वर्तमान अवस्थाले नै सांसारिक वस्तुलाई ठूलो र सानो बनाइदिन्छ।

*साभार भर्तृहरि-नीतिका अर्ध शतकबाट*

# दानी वेस्सन्तर

## (अष्टांकी नाटक)

(यो दानी वेस्सन्तर नाटक पाली तथा संस्कृत बौद्ध-वाङ्मयमा पाइने वेस्सन्तर जातक कथामा आधारित छ तथा नेपाली लोककथामा समेत प्रसिद्ध छ । भक्तपुरको मुनि विहारको सहयोगार्थ पासा पुस्तकालयद्वारा काठमाडौंको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको हलमा २०४० साल कार्तिक ७ र ८ गते गरी जम्मा ४ पटक मंचन भएको थियो । त्यसबाट भएको आम्दानी मुनि विहारलाई रु. ३८९२.५० (अड्तीसय बयान्नब्बे रुपैंया पचास पैसा) प्राप्त भयो भनी २०४० पौष २२ गते रामकृष्ण बैद्य मुनि विहार दायकसभाका अध्यक्षबाट टिपोट लेखिएको पाइन्छ । सम्पादक तथा प्रस्तोता: भिक्षु विपस्सी, मुनि विहार, भनपा. ७, भक्तपुर ।)

**नेपालभाषाबाट नेपालीमा भाषान्तरकार सौरभ शाक्य।**

**नाटककार** : स्व. रामशेखर नकर्मी
**निर्देशक** : दामोदर बैद्य
**संगीतकार** : विश्व कायष्ठ
**श्रृंगार** : सूर्यबहादुर चित्रकार र आशाकाजी थकु,
**गायक** : स्व. नगेन्द्र हाडा, गायिका थीरशोभा शाक्य, मच्छिन्द्रशोभा शाक्य,
**उद्घोषक** : स्व. भिक्षु सुदर्शन महास्थविर,

**कलाकारहरु**

राजा संजय : अमोघरत्न शाक्य,
राजकुमार वेस्सन्तर : रत्नसुन्दर शाक्य,
रानी मद्दी : गायत्री बरिया,
राजकुमार जाली कुमार : पीपलकुमार माक:जु,
राजकुमारी कृष्णाजिनी : चन्द्रप्रभा बैद्य,
अंगरक्षक : राजासुन्दर शाक्य,
चामर डोलाउनेहरू : केशरी शाक्य र विद्या शाक्य,
नर्तकीहरू : शर्मिला बैद्य (उर्मिला) र कमला खागी,
ब्राह्मण : भास्कर नायजु, सूर्यराम ध्वँजु, राम कायस्थ र कलेशराज शाक्य,
भारदार : शशिशेखर ब्याँजु, सुर्वणराज शाक्य,
नेता : शिवप्रसाद खागी,
जनता : उत्तम खागी, दिलमोहन मास्के,
ब्राह्मण जुजक : ज्योतिबज्र शाक्य,
दरिद्र ब्राह्मण : दानबहादुर शाक्य,
शिकारी : मंगलसुन्दर शाक्य,
बाघ : संघरत्न शाक्य,
इन्द्र : इन्द्रबहादुर कर्माचार्य,

**पात्रहरु**

संजय-सिवी देशका राजा, फुसति-महारानी,

वेस्सन्तर-राजकुमार, मद्दी-राजकुमारी, जाली र कृष्णाजिनी-पुत्र र पुत्री, भारदारहरू, अंगरक्षक-दरबारिया, याचक-मगन्ते, जुजक,-मगन्ते, इन्द्र-स्वर्गका राजा

**(पहिलो दृश्य)**

(पर्दा खुल्छ । राजबैठकमा गीत गुन्जिन थाल्छ ।)

जेतुतर नगरको गौरव प्राण, रानी फुसति र संजयको ज्यान,

हे ! महादानी वेस्सन्तर, हजुरको जय-जय होस् निरन्तर ! ॥१॥

शकुदेवको वरदानबाट जन्मेका ए बोधिसत्व !

जन्मनासाथ दिन रुचाउने, हे जन्म-दानी महासत्व ॥२॥



पुत्र जाली, पुत्री कृष्णाजिनी, प्रेमको खानी मद्दीरानी,

हजुर त हुन् धर्मात्मा दानी, उद्धार गर दुःखी प्राणी ॥३॥

(गीत र नृत्य बन्द हुन्छ ।)

ब्राह्मणहरू-वेस्सन्तरको जय होस् । वेस्सन्तरको जय होस् । जेतुतर नगरको गौरव र प्रकाश होइबक्सिन्छ हजुर । रानी फुसती र महाप्रतापी राजा संजयको ज्यान होइबक्सिन्छ हजुर । हे महादानी वेस्सन्तर, हजुरको जय-जय होस् निरन्तर । हे बोधिसत्व, जन्मनासाथै दान दिन रुचाउने हे जन्म-दानी महासत्व ।

**ब्राह्मण** : हजुरका पुत्र जालीकुमार अनि पुत्री कृष्णाजिनी, हजुरकी अति-प्यारी मद्दीरानी हुन् । हजुर धर्मात्मा दानी होइबक्सिन्छ भन्ने कुरा जगजाहिर छ । हजुर कति त्यागी कति ज्ञानी भन्ने कुरो अरु-अरु देशका कुनाकाप्चासम्म पनि प्रशिद्ध छ । हजुरको गुणगान अरु देशका राजा-महाराजाहरूले पनि गरिरहेका छन् । हजुरको दानको महिमा सारा ठाउँमा गुञ्जायमान भइरहेका छन् ।

**वेस्सन्तरः** हे भद्रजन, हो आन्तुक ब्राह्मण, तपाईहरूलाई मेरो आत्मिय स्वागत छ । मसँग भएका जे मारनोस्, म दिनलाई तयार छु र पछि पर्ने कदापी छैन । म भित्री मनदेखि नै दिन्छु । यो दानशालामा जस्ले पाइला टेक्यो, उसको मनोकांक्षा आजसम्म व्यर्थ गएको छैन । कोहि यहाँबाट खालीहात फर्केको छैन । मसँग र यो राज्यको ढुकुटीमा भएका जे मागेपनि मेरो दिने इच्छा छ ।

खानलाई अन्न, लाउनलाई वस्त्र, गर-गहना अनि बस्नलाई घर.. माग्नुस, जे पनि दिन तयार छु । मेरो बुबाको प्रतापले, आमा फुसतिदेवीको धर्म, मेरी प्यारी रानी मद्दीदेवी, पुत्र-पुत्रीको असिम ममताले र हितैषीहरूको सहयोगले मेरो दानकार्यहरू सफल भइरहेका छन् । जे माग्नुस्, त्यो म दान दिनमा दृढ निश्चीय छु ।

**ब्राह्मण:** धन्य वेस्सन्तर ! धन्य होइसिन्छ हजुर ! धन्य प्रतापी संजय । धन्य धर्मको खानी महारानी फुसति । धन्य जेतुतर नगर । जस्ले जन्मदियो हजुर जस्ता सुपुत्र । धन्य यो जेतुतर नगरका प्रजा । जसका हजुर जस्ता राजकुमार होइसिन्छ ।

**ब्राह्मण:** वेस्सन्तरको जय होस् । वेस्सन्तरको जय होस् ।

**वेस्सन्तर:** म फेरी पनि सोध्छु, के चाहन्छौ ? हे भद्र ब्राम्हणहरू, भन्नुस् निर्धक्क, माग्नुस् जे इच्छा छ ।

**ब्राह्मण:** महाराज, अपराध भए क्षमा ! हामीहरू एउटा प्रार्थना गर्छौं हजुरमा । हामी कलिंग देशका प्रजा हौं ।

**वेस्सन्तर:** मेरो लागि आफ्नो देशको र अरु देशको प्रजामा केहि भेदभाव छैन । हे ब्राम्हणहरू ! दान दिनु मेरो लक्ष हो, निर्धक्क भएर माग्नुस् !

**ब्राह्मण १:** हाम्रो देशमा अनावृष्टी भयो, हजुर ।



**ब्राह्मण २:** हाम्रो देशमा अनिकाल परेर हाहाकार भयो, हजुर !

**ब्राह्मण ३:** देशभरी मान्छेहरू रोग, भोक प्यासले चीत्कार गर्नथाले । भोकको पीडाले मानिसहरू बाँचेपनि मुर्दासरि भए राजकुमार ! खेत खलिहान सुक्खा भए, चराचुरङ्गीहरू समेत खान नपाएर भकाभक मर्न थाले सरकार ! धरती चिरा-चिरा पर्यो । यस्तो दुर्गतिमा हामी बाँचिरहेका छौं ! जहाँ साँस लिन पनि मुश्किल छ, वातावरण खराब छ । आफ्नो देश र प्रजाको लागि हाम्रा देशका नरेशले प्रयास नगरेका होइनन् । तर पनि संकट मोचन भएन, विपत्ति तरेन । यसकारण प्रभु, हामी हजुरको शरणमा आएका हौं । हामीलाई आफ्नै प्रजा ठानी दया राखि बक्सियोस् रक्षा होस् हजुरबाट । बचाउनुस् हामीलाई र हाम्रो देशलाई ।



**वेस्सन्तर:** हे ब्राह्मणहरू, कलिंग देशको यस्तो बेहाल अवस्था सुनेर मलाई धेरै दु:ख लाग्यो । हरे, कति अशक्त भएर थला परिरहेका होलान् ! कति मर्नु र बाँच्नुको दोसाँधमा परेका होलान् ! कति मरे होलान् । यो कस्तो विपत्ति ! हे ब्राह्मणहरू, हे कलिंगका प्रजाहरू, तपाईहरूको देशको यस्तो दुर्गति, प्रजाहरूको यस्तो दुर्गति, यस्तो संकटमा मेरा देशवासी र म ज्यादै दु:खी छु र तपाइहरूप्रति सहानुभूति व्यक्त गर्दछु । मैले गरेर तपाईहरूको दु:ख संकट मुक्त हुनेभए लिएर जानुहोस् मेरो देशका सम्पूर्ण अन्न, सुन, चाँदी, हिरा, जहारतहरू लग्नुस् ! तपाईहरूको लागि नै हुन् यी सारा सम्पत्ति, धनधान्य ।

**ब्राह्मणहरू:** होइन प्रभु अन्न होइन, न धन सम्पत्ति नै हो ! हाम्रो आवश्यकता त अरु नै छ ।

**वेस्सन्तर:** के हो त ? यो जेतुतर नगर नै हो कि ? माग्नुस् त्यो पनि दिन्छु । मेरो आफ्ना ज्यान पनि दिन तयार छु ।

**ब्राह्मण:** हैन प्रभु, हजुरको राज्यको आस पनि होइन, हजुरको ज्यानको प्यास पनि होइन । हामीलाई त हाम्रो देशमा आएको दुर्भिक्षको संकटबाट मुक्ति चाहियो । सुकेको धर्ती फेरि भिज्नुपर्‍यो । बोट-बिरुवा, सबै थरीका अन्नबालि उम्रनुपर्‍यो । त्यसमा फूल फूल्नुपर्‍यो । फल लाग्नुपर्‍यो । अन्नका बालाहरू लहराउनुपर्‍यो । यो नै हामीलाई दान चाहिएको छ । जसबाट अनिकालबाट छुट्कारा मिलोस्, बिपत्ति तरोस्, स्वर्गसरि होस् हाम्रो देश ।

**वेस्सन्तर:** यी सबै कुरा पूरा गर्न मैले के गर्नुर्‍यो ? मैले तपाईहरू र तपाईहरूको देशको भलाई गर्न, यस्तो दुर्भिक्ष संकटबाट पार गर्नका लागि मबाट हुने भए माग्नुस्, के छ मसँग ?

**ब्राह्मण:** प्रभु, हामीलाई हजुरको मंगलहात्ति चाहियो । हजुरको मंगलहात्ति हाम्रो देशले पाएमा हाम्रो देशका सारा प्रजा संकटबाट मुक्ति पाउने छ । देश पहिले झैं सहकाल हुनेछ । अनि कलिंगवासीहरूका शरीरमा प्राणको सञ्चार हुनेछन् । त्यहि मंगलहात्ति माग्छौं हजुर !

**वेस्सन्तर:** अरे, मेरो शरिरमा भएको रगत र मासु समेत दान दिन्छु भनि सोचेको त तपाईहरूले मंगलहात्ति मात्र माग्नुभयो ! यो त बाहिर कै वस्तु भयो । लिएर जानुस्, संकट अन्त गर्नुस्, आफूहरूको र आफ्नो देश कलिंगको !

**ब्राह्मणजन:** वेस्सन्तरको जय होस् । वेस्सन्तरको जय होस् । वेस्सन्तरको जय होस् । (पर्दा खस्छ ।)

## (दोस्रो दृश्य)

*(पर्दा खुल्नासाथ राजसभामा नृत्य र गान सुरु हुन्छ)*
*सरकार सुखी, दुनिया सुखी, छैनन् यहाँ कोही पनि दुःखी ।*
*संजय राजा हाम्रा हुन् जहाँ, सुख, शान्ति सबै छन् त्यहाँ ॥१॥*
*देश, नरेश जनताको जय, नहोस् कतै दुःख र भय । प्रजा-पालक नै राजा संजय, सधैं होस् उदय र होस् जय ॥२॥*
*हाम्रो वन्दना, हाम्रो कामना, न्याय निसाफ निष्पक्ष होस् ।*
*बाँच्ने अधिकार सम्मान होस्, युग-युग आयु हजुर बाँचोस् ॥३॥*
*देश र प्रजाको रक्षा होस् । हाम्रो वन्दना हाम्रो कामना ।*
*(नृत्य सकिएपछि वेस्सन्तरको विरोधमा नाराको आवाज आउँछ ।)*

**प्रजा:** न्याय निसाफ समान हुनैपर्छ । देश र प्रजाको रक्षा हुनैपर्छ । राजा संजय चिरायू होस् । वेस्सन्तरलाई देश निकाला गर्नैपर्छ ।

**संजय:** (आश्चर्य भएर) यो केको कोलाहल ? केको आवाज ? केको नारा ? (सोध्छन् ।) यो अशान्ति र विद्रोहको आवाज ? कस्लाई देशबाट निकाल भनेको । हेर, हेर बाहिर के भएको छ ?

**अंगरक्षक:** जो आज्ञा महाराज ! (अंगरक्षक डगुरेर बाहिर जान्छ ।)

**संजय:** प्रजाको असन्तोष राजा र देशको लागि कलंक हो । राजमहलसम्म आएर प्रजाहरू यसरी कराउनु निश्चय नै शुभ-लक्षण होइन । पक्कै पनि प्रशासनको कतै भूल भएको होला ! नत्र.. अँ, तिमीहरूलाई थाहा हुनुपर्छ यसको कारण ?

**भारदार:** महाराज, क्षमा, हामीलाई केहि कारण थाहा छैन !

**संजय:** व्यर्थ भो तिमीहरू भारदार कहलाएर बसेकाहरू ! (नारा फेरि गुञ्जन्छन् ।) वेस्सन्तरलाई निकाला गर भनेको हैन र ?



**भारदार:** हो, महाराज ।

**संजय:** वेस्सन्तरलाई किन देश निकाला गर भनेको ? उनले के देश-द्रोही काम गरे ! प्रजालाई के अन्याय गरे ! (अंगक्षक आउँछ ।)

**अंगरक्षक:** महाराज, प्रजाजन

महाराजको दर्शन-भेट चाहियो भनेर बाहिर मूल-ढोकामा कुरिरहेका छन् ।

**संजय:** प्रजाले के अनुरोध गरे ? के माग छ, सोधेनौ ?

**अंगरक्षक:** सोधें सरकार !

**संजय:** के भने त प्रजाले ? के मागे प्रजाले ?

**अंगरक्षक:** प्रजाको बिन्ती जे छ महाराजको चरणमा नै पोख्छौं रे ।

**संजय:**हुन्छ, ल । प्रजाहरूलाई राजमहलमा प्रवेश गराउ ! हेरुँ, सुनुँ र बुझुँ प्रजाहरूको दु:ख ।

**अंगरक्षक:** जो आज्ञा, महाराज ।

(अंगरक्षक जान्छ, राजा संजय बैठकमा ओहोर-दोहोर गर्न थाल्छन् ।)

**संजय:** राजमहलमा प्रजाको विरोध प्रदर्शन भएको हैन र यो ! वेस्सन्तरलाई निकाला गर भनेको मलाई चुनौटी आएको होइन र यो ! के अनर्थ हुनलागेको यो ? (प्रजाहरूको प्रवेश हुन्छ ।)

**प्रजा:** महाराजको जय होस् । महाराजको जय होस् ।

**संजय:** मेरो प्राणभन्दा प्यारा प्रजाहरू । आज अकस्मात राजाको विरोधमा विद्रोहको आवाज घन्काएर प्रजाहरू राजमहल आएकोमा मलाई आश्चर्य भयो ! के भूल गरे वेस्सन्तरले यति धेरै प्रजाहरूमा असन्तोष जन्मनेगरी ?

**प्रजा:** महाराज ! हामी प्रजाहरू आज यो राजमहलसम्म आएर हजुरलाई बिन्ती चढाउन आउनु परेको बाध्यताले दु:खी छौं । वेस्सन्तर राजकुमारले ठूलो भूल गरिवक्स्यो महाराज, ठूलो भूल !

**संजय:** वेस्सन्तरले त्यत्रो ठूलो भूल के गरे ? मेरो प्रजाहरू, भन । मलाई जहाँसम्म विश्वास छ मेरो छोरा वेस्सन्तर प्रजाहरू कोप हुने भूल कहिल्यै गर्दैनन् । किनभने उनी साह्रै ज्ञानी धर्मात्मा र दानी छन् । तैपनि....

**प्रजा:** महाराज, वेस्सन्तर राजकुमारले कलिंग देशका प्रजाहरूलाई मंगलहात्ति दान दिइवक्स्यो !

**संजय:** हा हा हा... (हाँसेर) कहिलेकाहिं प्रजाहरूको मूर्खताले मलाई हँसाउन्छ ! मंगलहात्ति एउटा दान दिएर कसरी वेस्सन्तरले भूल गरे होलान् ! हास्यास्पद ! वेस्सन्तरको स्वभाव नै दानी, चित्त नै दानी, जन्मले नै दानी, जीवन पर्यन्त उनी दानी । यसरी उनले हात्ति दान दिएकोमा कुनै आश्चर्य छैन । कुनै भूल देख्दिनँ म । साँच्चै भूल त म आज यो जेतुतर नगरका प्रजाहरूको देख्दछु, नचाहिंदो कुरामा देशमा अशान्ति मच्चाएकोमा !

**प्रजा:** प्रजाले कहिल्यै भूल गर्दैन, महाराज ! प्रजा, प्रजा नै हो । जहिले पनि राजाको हुकुम, आदेश



पालन गर्नु प्रजाको कर्तव्य हो । त्यसरी नै कुनै राजा वा शासकले देश बिगार्न खोजे भने उसलाई निकालेर देशलाई बचाउनु, देशलाई भलो गर्नु प्रजाको कर्तव्य र अधिकार पनि, दुबै हो महाराज !

**संजय:** ठिक हो । तर देश बिगार्ने काम वेस्सन्तरले गरेका त छैनन् नि ।

**प्रजा:** वेस्सन्तर राजकुमारले दान चाहेमा अन्न, पान, वस्त्र अथवा जे दिएपनि हुन्छ । यसमा प्रजालाई आपत्ति छैन ! देशलाई पनि केहि हानी छैन । यो सिवी राज्य राजा र प्रजाको धर्म र मेहनतले गौरव र सम्पन्न छ । तर हात्ति दान दिएर दानको नाममा राजकुमार वेस्सन्तरले कलंक लगाइवक्स्यो ।

**संजय:** हे प्यारा प्रजाहरू, हात्ति दान दिएर मेरो छोरा वेस्सन्तरले दानको नाममा कसरी कलंक लगाए ! प्रजाको यो दोषारोपण स्वीकार गर्न चित्तले मान्दैन ।

**प्रजा:** जुन हात्ति नभएपछि देशमा दुर्भिक्ष हुन्छ, अनिकाल हुन्छ, अनि यो देशको दुर्गति हुन्छ, सिवी राज्य चकनाचूर हुन्छ । प्रजाहरूको हासनास हुन्छ, महाराज ! यो पनि हजुरले थाहा पाइवक्सेकै हो ।


**संजय:** प्रजाहरू, वेस्सन्तरले यो देश बिगार्न, सिवीराज्यका प्रजाहरूलाई दु:ख कष्टमा पार्न मंगलहात्ति दान दिएका होइनन् । उनले त कलिंग देशको दुर्गति र त्यहाँको प्रजाले भोगीरहेका दु:ख-कष्ट हेर्न नसकेर दान दिएका हुन् । एक देशले अर्को देशलाई विपत्ति पर्दा सहयोग गर्नु राज्यको कर्तव्य हो, धर्म हो । उनले हात्ति दान दिएर अरु देशलाई रक्षा गरे, बचाए । सिवी राज्यको नाक राखे । त्यसकारण वेस्सन्तर राज्य र प्रजाको धन्यवादका पात्र हुन् !

**प्रजा:** महाराज, आज हाम्रा राजकुमारले अरु राज्यलाई हात्ति दान दिइवक्स्यो । भोलि यो राज्य पनि दान दिवक्सने होला ! हामी प्रजा पनि दानमा दिवक्सेला ! त्यसबेला यस्को जिम्मेदार को हुन्छ ? राजा संजय आफै होइसिन्छ कि ?

**प्रजा:** आज राजकुमार वेस्सन्तरले अरु राष्ट्रको हित र कल्याणको लागि भनेर मंगलहात्ति दान दिवक्स्यो, भोली अरु राष्ट्रको भलोको निम्ति सहयोग भनेर सिवीराज्य नै आवश्य दान दिवक्सने छ ! यो निर्विवाद छ । अनि हाम्रो राष्ट्र्रियता कहाँ जान्छ महाराज ? राष्ट्रियता नभएका हामी प्रजाको हालत के हुन्छ, महाराज ?

**प्रजा:** १ आफ्नो राष्ट्रको माया हजुरलाई छैन र ?

**प्रजा:** २ आफ्नो राष्ट्रियताको गौरव हजुरलाई चाहिँदैन कि ?



**प्रजा:** ३ राष्ट्र र राष्ट्रियता नभइकन शासन कहाँ हुन्छ ! प्रजा कहाँ हुन्छ महाराज ?

**प्रजा:** ४ दान दिनु वेस्सन्तर राजकुमारको स्वभाव हो । त्यसलाई अलि परिवर्तन गर्न त हुन्थ्यो नि, महाराज ।

**संजय:** त्यो त सक्दिनँ । उनको स्वभाव र इच्छाको विरुद्ध म केहि पनि गर्न सक्दिनँ, प्रजाहरू।

**प्रजा:** उसो भए महाराज..... राजकुमारलाई देश निकाला गरी वंक पर्वतमा पठाइबक्योस् ।

**संजय:** उ निर्दोष छ प्रजाहरू, उ निर्दोष । एकजना निर्दोषिलाई म कसरी देश निकालाको सजाँय दिउँ ! अहँ, असम्भव ।

**प्रजा:** महाराज, राजकुमार वेस्सन्तर खास दोषी होइसिन्छ । राजकुमार भएर धर्म कमाउने लोभमा देश र प्रजालाई नर्कमा डुबाउनखोज्ने अपराधी होइसिन्छ ! यस्ता बहुला दानीलाई राज्यमा राखीछोड्ने हो भने राजकुमार वेस्सन्तरले हजुरलाई पनि दानमा दिबक्सनेछ, महाराज !

**संजय:** होइन प्रजाजनहरू, वेस्सन्तर अपराधी होइन, म उनलाई अपराधी देख्दिनँ, र उनलाई बहुला पनि मान्दिनँ ।

**प्रजा:** किन महाराज, हजुरको पुत्र भएकोले अपराधी नदेखिबक्सेको हो कि ?

**संजय:** होइन प्रजाहरू त्यसो होइन ।

**प्रजा:** अनि हजुरका प्रजाहरू हजुरका पुत्र जस्ता लागेनन् कि !

**संजय:** मेरो प्रजाहरू मेरो पुत्र अवश्य हुन् ।

**प्रजा:** अनि किन त हाम्रो अनुरोध हजुरलाई ग्राह्य भएन ? हजुरलाई ठिक लागेन ! महाराज ! पुत्र-मोहमा अन्धा भई प्रजाहरूको आवाजलाई बेवास्ता गरिवक्स्यो भने सिवी राज्यको भविष्य कस्तो होला, हामी भन्न सक्दैनों !

**संजय:** भयो प्रजाहरू । प्रजाहरूको निर्णय स्वीकार छ मलाई ! म वेस्सन्तरलाई देश निकाला गर्छु आज रात बिताउने मौका देओस्, भोली बिहानै वंक पर्वतमा पठाउने व्यवस्था मिलाउँछु । प्रजाको निर्णय, मेरो निर्णय ।

**प्रजा:** महाराज संजयको जय होस् । महाराज संजयको जय होस् । महाराज संजयको जय होस् ।
भारदार- महाराज क्षमा ! हजुरले न्यायोचित निर्णय गरिवक्सेन जस्तो लाग्छ हामीलाई । हजुरको निर्णय

न्याया चित छ जस्तो लागेन हामीलाई । प्रजाहरूको कुरा सुनेर आँखा चिम्लेर राजकुमार वेस्सन्तरलाई देश निकालाको निसाफ देखेर, उपकारको बदला पुरस्कार दिनुपर्नेमा उल्टो प्रतिकार भयो महाराज ! राजकुमार वेस्सन्तर दानी चित्तमाथी निर्मम प्रहार भयो महाराज !

**संजयः** मेरो निसाफ न्यायोचित छ, भारदारहरू ।

**भारदारः** हजुरको आत्माले उनि निर्दोष छन् भनि थाहा पाएपनि आत्माले नै नदिएको काम हजुरले गरिवक्स्यो महाराज ! हामीलाई साह्रै दुख लाग्यो, महाराज ।

**संजयः** न्याय–निसाफ व्यक्तिको भित्री आत्माले भने जस्तै गर्नलाई म त्यो आत्माको नोकर होइन् दास होइन । न्याय, अन्यायको विरुद्धमा प्रहार गर्ने बिधि-बिधानको मर्यादित एउटा स्वतन्त्र निष्पक्ष तलवार हो । राजकुमार वेस्सन्तरले प्रजाको चित्त दुखाएर जे गरे त्यही कारणले उनि अपराधी भए, अनि सजाँयको भागिदार पनि । तिमीहरूले दु:ख मनाउनु पर्दैन, भारदारहरू !

**भारदारः** प्रजाहरूले चाहेमुताबिक राजाको निसाफ हुने भए, प्रजाहरूले भने मुताबिक राज्यको शासन, प्रशासन चल्ने भए राजाको सरकार अनि राजाको यति धेरै भारदार, प्रहरी, सिपाही, शस्त्रअस्त्र किन चाहियो र ? महाराज, हामीलाई हुकुम मात्र बक्स्योस् । प्रजाहरूलाई भड्काउने नाइकेहरूलाई र ती नाइकेहरूको कुरा सुन्ने प्रजाहरूलाई, अनि राजा र राजपरिवारका विरुद्ध बोल्नुको परिणाम देखाइदिउँला ! एक-एकजनालाई रुखमा जलदानका भाँडा भुण्ड्याएसरि भुण्ड्याई दिउँला, सुलीमा चढाइदिउँला !

**संजयः** मुर्ख कुरा नगर, भारदारहरू ! राजा र उसको सरकार, भारदार, सिपाही, शस्त्रअस्त्र सबै देश र प्रजाहरूको रक्षाको निम्ति हो । उनीहरूलाई सास्ती गर्न, अत्याचार गर्न र उनीहरूलाई हासनास गर्नका निम्ति होइन । होशमा आउ भारदारहरू, होशमा । जुनसुकै शासक वा सरकार जस्ले एउटा बालकको मात्र वा एउटी स्त्रीको मात्र हत्या गरेको किन नहोस्, त्यो सरकार धेरै दिन टिक्दैन, अनि त्यो राष्ट्र पनि चाँडै नै पतन हुन्छ । प्रजा राष्ट्रको प्राण हो ।

**भारदारः** परन्तु महाराज राजकुमार वेस्सन्तर, हजुरको पुत्र, हजुरको रगत, मासु सरह होइसिन्छ । यो देशको रत्न, हिरा अनि यो देशको जाज्वल्यमान चम्किरहेको सूर्य समान होइसिन्छ ।

**संजयः** विधि-विधानको नियममा सबै समान छन् । म भन्छु तिमीहरूले पनि कुनै अपराधीलाई पनि क्षमा नदिनू, चाहे त्यो वेस्सन्तर...., म नै किन नहोस्.... । भारदारहरू, तिमीहरू यहाँबाट जाउ !

**भारदारः** जो आज्ञा महाराज । (पटाक्षेप हुन्छ) ।

### तेस्रो दृष्य
### (पर्दा खुल्छ ।)

**जुजकः** ऐय्या, उहह्, साह्रै थकाइ लाग्यो बा-बा । ढाडै भाँचिएला जस्तो भइसक्यो ।

**याचक:** यहाँ बस्न आउनुस् रुखको छहारीमा । अलि आराम गर्नु न । यता हेर्नुस् त यहाँ सितल हावा आइरहेको छ । (जुजुक उसँगै रुखको छहारीमा बस्न जान्छ ।)

**जुजक:** आहा...हो रहेछ बा, मन नै आनन्द भयो । यो रुख रोप्नेलाई त धेरै धर्म लाग्छ । कति गुणी यो रुख, तर स्त्री बैगुणी । यो रुखले आनन्द दिए जस्तो स्त्रीले आनन्द दिन्छ होला त ? असम्भव । आहा कस्तो सितल । यहाँ लेटें भने तुरुन्तै निद्रा लाग्ला जस्तो छ ।

**याचक:** साह्रै थाकेको देख्दा टाढैबाट आउनु भए जस्तो लाग्छ नि ?

**जुजक:** म टाढाबाटै आएको हुँ, भाई । मेरो घर कलिंग देशमा दुनिवट भन्ने गाउँमा हो । मेरो नाउँ जुजक, जात ब्राह्मण ।

**याचक:** म पनि ब्राह्मण नै हूँ काका । एक देशको ब्राह्मण अर्को देशको ब्राह्मणसँग भेट्न पाउनु खुसिको कुरो हो ।

**जुजक:** ब्राह्मणले ब्राह्मणलाई भेट्न त देवताले



देवता भेट्नु जस्तै हो भाई । अनि तपाई कहाँबाट आउनुभएको, कहाँ जानुहुन्छ नि ?

**याचक:** म वेस्सन्तर राजकुमारसँग दान थाप्ने मनसायले टाढाबाट आएको हूँ । आज वेस्सन्तर राजकुमारले सप्तसतिक दान दिने दिन भनेको सुनें । घोडा भए पनि हात्ति भए पनि मागेर, अनि त्यसलाई बेचेर पैसा जुगाड गरुँ भन्ने आस । अनि तपाई कहाँ जान लागेको नि ? कुन कामले आउनुभएको त्यहाँदिखि यहाँसम्म ?

**जुजक:** आफ्नो देशमा होस् या परदेशमा ! ब्राह्मणको पेशा भनुँ कि कर्म, हात फैलाएर दान माग्नु हो ! अरु जातका मानिसहरू मागी खान पर्यो कि इज्जत जान्छ । तर हामीले जति बढी दान लिन सक्यौ, त्यति नै इज्जत बढ्छ, शानदार, ठूलो ब्राह्मण कहलिन्छ । फेरि हामी अरुलाई मोक्ष दिने, तार्ने कामका ठेकेदार, तर आफ्नो, पार नलाग्ने कसुरदार । भाइ, म पनि वेस्सन्तर राजकुमार कहाँ दान लिने आसमा नै यहाँ आएको हूँ ।

**याचक:** दान लिनलाई आफैं दु:ख गरेर आउनुपर्ने । छोराहरूलाई पठाए पनि त हुन्थ्यो नि ?

**जुजक:** मेरो छोरा-छोरी कहाँ छन् र ? स्वास्नी एउटी छे, बस । त्यो स्वास्नी पनि भाग्यले पाएको हो । नत्र कहाँ मैले बिहा गर्न सक्थें र !

**याचक:** हुन त स्वास्नी पाउनु पनि भाग्यको खेल हो ।



जुजक: कुरा के भने, मैले जताततै मागी-मागी जम्मा गरेको एकसय रुपैयाँ एकजना ब्राह्मणकहाँ नासो राखेको थिएँ । पछि माग्दा त्यो रुपैयाँ ब्राह्मणले फिर्ता दिन सकेन । त्यो पैसाको सत्ता भर्ना भनेर आफ्नी अमित्रतापन नामकी छोरी मलाई दियो । यसरी मैले बिहा गर्न पाएको हुँ ।

याचक: कुरा सुन्दा त तपाई साँचै भाग्यमानी नै हुनुहुन्छ ।

जुजक: खोइ, भाग्यमानी भन्नु कि के भन्नु ! सुरु सुरुमा त मेरी स्वास्नी सोझी, ज्ञानी । मलाई खुब माया गर्थी, देवतालाई जस्तै मान्थी । सेवा: सुश्रुषा पनि राम्ररी गर्थी । उसको बानी ब्यहोरा देखी गाउँका मानिसहरू समेत असाध्यै खुसी हुन्थे । पछि गाउँकी अरु आइमाईहरूको कुरा सुनी भन्नै नहुनेकुरा सिकेर आई ।

याचक: के नचाइन्दोकुरा सिकेर आई ?

जुजक: के हुनु नि । उहि नि, बुढो लोग्ने पर्यो । आफ्नो उमेरको भए कति सुख पाउँथी रे ! मेरी आमा - बुबा अन्धो भएर यस्तो बुढोसँग बिहा गरिदिएका रे । यस्तो बुढोसँग बस्नुभन्दा त अरुसँग पोइल जानपाए हुन्थ्यो, भन्छे । लुगा धुनु आफै, पानी लिन जानु आफै, सबै काम आफै गर्नुपर्ने, नोकर-चाकर एउटा त राख्न नसक्नेरे । साह्रै गिल्ला गरी, स्वास्नीले । लौ हेर्नुस् न, म जस्तो गरिब मागी-मागी खानुपर्ने ब्राह्मणले कसरी नोकर-चाकर राख्न सक्छु र । मैले कति सम्झाएँ । नोकर-चाकर राख्न नसकेसम्म ती सबै काम मै गर्नेछु, पनि भनें ! तिमीलाई मैले सेवा-टहल गर्नेछु, नरिसाउ, त्यस्तो नभन भनेर । तर त्यो ब्राह्मणी कहाँ मान्थी र । म त नामर्द रे ! पुरुषको रुपमा मान्छे कहलिएको पशु रे । अझ पशुभन्दा तल ठेगान नभएको हुतीहारा रे । स्वास्नीको एउटा इच्छा पनि पूरा गर्न नसक्ने लोग्ने रे ! भन्न हुने, नहुने सबै भनी तिनले । यस्तो सुनेर बस्नुभन्दा बरु मरेर जानु नै बेस । एउटी स्वास्नीलाई सुखसँग पाल्न नसक्ने पुरुष, पुरुष कहलाउन योग्य छैन ! सुन राम्ररी सुन, म भन्छु, यदि तिमीले मेरो सेवा-टहल गर्नको लागि नोकर- नोकरनी नल्याए म यहाँ एकछिनपनि बस्दिनँ । म पोइल गएर अर्को लोग्नेसँग हिंडेको देखपछि थाहा पाउलास्, स्वास्नीले भनेको नमान्दा कस्तो हुन्छ रे ।

याचक: ओहो, यस्तो पनि भनी र ?

जुजक: यति मात्र भनिन, उसलाई नोकर-नोकरनी



पाउन राजकुमार वेस्सन्तरकहाँ गई उनका छोरा-छारी मागेर ल्याउ, रे ।

याचक: ओहो, राजकुमार-राजकुमारी नै नोकर-नोकरनी राख्छु, भन्छे तिनी !

जुजक: त्यहि त भन्छु । त्यो बाउनीले कुन सोंखले यस्तो भनेकी होलीन्, राजकुमार-राजकुमारी नै नोकर-नोकरनी राख्ने, रे । के गरुँ भाई, म बिवस छु । साह्रै बिवस । स्वास्नीको कुरा नसुनुँ भने अर्कासँग पोइल जान्छे, भन्ने पीर । उ पोइल गई भने म अर्को बिहा गर्ने सपनामा पनि सोच्न सक्दैनँ । यसरी माया-प्रेम नभएको निर्दयी मुटु लिएर म राजकुमार वेस्सन्तरका छोरा-छोरी दान माग्न आएको हुँ यहाँ । जे होस्, मैले वेस्सन्तर राजकुमारका छोरा-छोरी दान लिएर मात्र घर फर्कनुपर्छ । (पटाक्षेप हुन्छ ।)

## (चौथो दृष्य)

(पर्दा खुल्छ । राजा संजय सिंहासनमा राज हुन्छन् । भारदारहरू आ-आफ्ना आसनमा बसेका छन् । सभामा राजकुमार वेस्सन्तर देखापर्छन् ।)

भारदार: महाराज ! अहिलेसम्म केहि बिग्रेको छैन । राजकुमार वेस्सन्तरलाई वनमा पठाउने आज्ञा फिर्ता लिनुहोस् । जताबाट, जुनसुकै कुनाबाट हेरेपनि यो अनर्थ छ, अन्याय छ, बेनिसाफ छ । महाराज, पूरा राजदरबार शोकाकुल र स्तब्ध भइसक्यो । अनि महारानी फुसति रुँदा रुँदै मुर्छ्या होइवक्यो महाराज !

संजय: उनी यसरी मुर्छ्या पर्नेगरी रुनु हुँदैनथ्यो । मैले पनि चाहेर वेस्सन्तरलाई देश निकाला गरेको होइन, उनले यति धेरै शोक गर्नलाई । प्रजाको आवाजलाई कदर गरेर निकाला गरेको हुँ । राजा र सरकारको लागि प्रजा ठूलो छ । त्यो आवाज भनेको सम्पूर्ण देशहितको आवाज हो भनेर महारानी फुसतिले नबुझेको होइन । तर पनि पुत्रको मायाले दु:ख लाग्नु स्वाभाविक हो ।

भारदार: महारानीले बुझेकिछिन्, यो कुरा ।

संजय: अनि किन यसरी पीडामाथि पीडा थपेकी उनले मलाई ।

भारदार : पुत्र-बियोग दु:ख कस्तो हो भनि महाराज आफैं बुझी बक्सन्छ ! घर दन-दन बल्दाको अवस्थामा त्यो घरमा पस्न नसक्नु एउटा यथार्थता

भएजस्तै पुत्रलाई देश-निकाला गरेको सुनेर कुन आमा हाँस्न सक्छिन् र !

**संजय:** अब तिमीहरू गए हुन्छ ।

(वेस्सन्तरको आगमन)

**वेस्सन्तर:** बुबा, हजुरको कृपाले सप्तसतिक दान दिने मेरो इच्छा पूरा भयो । जीवनमा सबभन्दा धेरै सम्झना आउने हजुरका कृपामध्ये यो पनि एउटा हो । अब हजुरको आज्ञा र प्रजाहरूको इच्छा पूरा गर्नलाई म जंगलमा जान हजुरले आशिर्वाद र बिदा दिईबक्स्योस् !

**संजय:** भो पुत्र, तिमी धन्य हौ, तिमी महान हौ । तिम्रो त्याग-चित्त, राजाज्ञा पालन उत्ति नै प्रशंसनीय छ । तिम्रो दानशीलता, पितृ-आज्ञाकारिता त्यति नै अनुकरणीय छ (आँखाबाट आँसु झार्दै) म तिम्रो कदर गर्छु, सम्मान गर्छु, छोरा ।

**वेस्सन्तर:** अहो बुबा, सिवी राज्यको प्रतापि राजाको आँखामा आँसु ! यो उचित भएन बुबा !

**संजय:** छोरा वेस्सन्तर, म त्यो अभागी पिता हुँ, जसले पुत्र स्नेहरूपी हृदय सागरलाई सुख्खा मरुभूमिमा परिणत गरें, धर्म हत्या गरें । म त्यो अभागी राजा हुँ, जस्को हुकुमले हजारौं अपराधीहरूलाई सजाँयबाट मुक्त गरे, तर आफ्ना पुत्रलाई मुक्त गर्न हुकुम दिन सकिन । म बिवस । मेरो कत्रो बिवसता, उफ् ।

**वेस्सन्तर:** बुबा यो बिवसता होइन । यो त हजुरको प्रजाप्रति उत्तरदायित्व र इमान्दारिताको उदाहरण हो । प्रजाप्रति स्नेह र ममताको साकार परिणाम हो । राजाको नाताले प्रजा प्रजा मात्र होइनन् राष्ट्रपिताको नाताले प्रजा पुत्र पनि हुन् । यसकारण हजुरले लाखौं छोराहरूका आबाजलाई कदर गरी एकजना अपराधी पुत्रलाई सजाय दिइबक्स्यो, यो न्यायोचित, धर्मोचित, निष्पक्ष कार्वाही हो बुबा । अब म जान्छु । बुबा, आशिर्वाद पाऊँ ।

**संजय:** पुत्र तिम्रो प्रव्रज्या सफल होस् । तिम्रो मनोरथ पूर्ण होस् । यो हृदयमा बज्र प्रहार गरेर तिमीलाई बिदा दिंदैछु । यो सिवी राज्यमा चम्किरहेको सूर्यलाई डुबाएर तिमीलाई बिदा दिंदैछु । आशिर्वाद । (वेस्सन्तर, राजा संजयको पाउमा ढोगी रहँदा मद्दीरानी आउँछिन् ।)

**वेस्सन्तर:** प्रिय मद्दी, तिमीले आफ्ना पुत्र-पुत्रीलाई राम्ररी हेरचाह गर्नु । बुबा-मुमाको निस्वार्थ सेवा सुश्रुषा गर्नु । यसैमा तिम्रो धर्म छ, यसैमा तिम्रो कर्म छ, अनि यसैमा तिम्रो कल्याण पनि गाँसिएको छ । अब म जान्छु, तिमीले पनि मलाई बिदा देउ !

**मद्दी:** म पनि हजुरसँग आउँछु नाथ !

**वेस्सन्तर:** तिमी मसँग किन आउने प्रिय !

**मद्दी:** किन आउने भन्ने प्रश्न नै उठ्दैन नाथ ! पानी जहाँ-जहाँ जान्छ, माछा पनि त्यहाँ त्यहाँ त जान्छन् नि ! पानी बिना माछा बाँच्न नसके झैं म पनि हजुर बिना कसरी बाँच्नसक्छु र ! यसकारण म पनि हजुरसँगै वनमा आउँछु ।

**वेसन्तर:** यो असम्भव मद्दी । हात्ति दान दिएर अपराध गर्ने म हुँ, तिमी होइनौ । त्यसको, सजाँय राजा र प्रजाले मलाई दिएको हो, तिमीलाई होइन । मद्दी- म हजुरको अर्धाङ्गिनी, हजुरको सुखको भागीदार हुँ भने दुःखको पनि हुँ नि । यसकारण हजुरसँग वनवास आउनुमा मेरो पनि हक छ । मेरो हक मलाई दिइबक्स्योस ।

**वेस्सन्तर:** हैन प्रिय, अनाहकमा किन सजाँयको भागीदार गराउँ तिमीलाई । यो पनि एउटा अपराध हो ।

**मद्दी:** हजुरलाई वनवास पठाएर म यो राजमहलमा सुख आनन्दले बस्नु मेरो अपराध होइन र नाथ ? स्वामी हुँदाहुँदै पनि बिधवा जस्तै एक्लै जीवन बिताउनु अभिशाप होइन र प्रभू ? हजुर साथमा नभए म कसरी सकुँला र यो हृदयलाई थाम्न । हजुर जहाँ सवारी भएपनि, राज भएपनि सँगसाथ त्यहाँ आउनु मेरो चाहना छ । हजुरको मुहार हेर्न र हजुरसँग वार्तालाप गर्न नपाउँदा मलाई ब्याकुल हुन्दैन र ? त्यो आकुल-ब्याकुल, त्यो सुकेको रुख जस्तो जीवन जिउनु मैले अनाहकमा सजाँय भोग्नु जस्तै हुँदैन र नाथ ? म आउँछु हजुरसँगै ।

**वेस्सन्तर:** मेरो प्रिय मद्दी, तिम्रो यस्तै आग्रह छ भने म के भनुँ । तर यसमा बुबाको आज्ञा आवश्यक ठान्दछु । (मद्दी संजयको अगाडि जान्छिन् ।)

**संजय:** भो मद्दी, तिमी वनवास नजाऊ । जंगलमा जन्तुहरूको भय छ । तिमीले दुःख पाउनेछ्यौ । भो नजाउ पुत्री ।

**मद्दी:** बुबाज्यु, आफ्नो स्वामी बाहेक अरु केहि सुख चाहिंदैन मलाई उहाँसँग बस्नु नै मेरो लागि सुख हो । म जंगलको भय देखि डराउँदिन र जुनसुकै दुःख आएपनि डराउँदिन, यदि स्वामीसँग छुट्टिएर बस्नु जति भय अरु के हुन्छ ! यो दुःख, यो भयबाट मुक्त हुनु भनेको म उहाँसँग जंगल जानु हो । यसकारण आज्ञा दिइबक्स्योस्, महाराज !

**संजय:** तिम्रो त्यस्तै धारणा छ भने म तिमीलाई रोक्दिनँ । तर मेरा नाती-नातीनी जाली र कृष्णाजिनी छोडेर जानुपर्छ । पुत्र र बुहारीलाई बिछोडको दुःखमा तिनीहरूको मुख हेरेर अलिकति भएपनि चित बुझाउँला हामीले ।

**मद्दी:** मेरा प्यारा सन्तानहरूबिना म एकछिन पनि बस्न सक्दिनँ, महाराज ! क्षमा महाराज ! तिनीहरुलाई जंगलमा दुःख हुन दिन्नँ । बच्चाहरु साथमा हुँदा हामीलाई आनन्द तथा रमाइलो हुन्छ । (सारथी आउँछ ।)

**सारथी:** रथ तयार भयो, हजुर ।

**वेस्सन्तर:** बुबा शोक नलिबक्स्योस् । दुःख, सुर्ता नलिबक्स्योस् ।

**मद्दी:** सुर्ता नलिबक्स्योस् बुबा, मुमा ।

*क्रमशः*

◆

# माता पिताको सेवा

✍ सुलोचना कोजू

परियीत सद्धम पालक प्रवेश प्रथम

महाकारुणि तथागत् भगवान बुद्धले मानवकाल्याणका लागि अर्बेको दर्शन र शिक्षाका साथै समाजका लागि आवश्यक ब्यावहारीक शिक्षा 'गृही विनय' अर्थात् गृहस्थनियम पनि सिकाउनुभएको छ जुन ब्यावहारिक शिक्षा अहिलेको आधुनिक समाजलाई अतिआवश्यक भइसकेको छ । त्यसबाट परिवार तथा समाजका सबै सदस्यहरूले आ-आफ्नो दायित्व वहन गर्नुपर्छ भन्ने सिकाउँछ । गृही-विनय अर्थात् बुद्धले देशमा गर्नुभएको "सिगालोवाद" अनुसार हामीले ६ वटा दिशालाई नमस्कार गर्नुपर्छ । जुन यसप्रकार छन् :

१. पूर्व दिशा- आमाबुबा
२. पश्चिम दिशा- स्वास्नी, पति, छोराछोरी
३. उत्तर दिशा- हितचिन्तक मित्रहरू
४. दक्षिण दिशा- आचार्य गुरुजन
५. माथिल्लो दिशा- श्रमण ब्राम्हणहरू
६. तल्लो दिशा- नोकर चाकरहरू हुन् ।

अनि यी ६ वटा दिशा प्रतिको पारस्परिक कर्तव्य, राम्रो गरी पूरा गर्नुलाई नै ६ दिशा नमस्कार गर्नुभन्दछ । अब यहाँ यी ६ दिशा मध्ये पूर्व दिशा नमस्कार बारेमा भन्न गइरहकी छु ।

**पूर्व दिशा नमस्कार**

यो लोकमा पुण्य रुपी असल खेत चारप्रकारका छन् भनि देखाईएको छ । यी चार प्रकारको पुण्यको बीऊ रोप्न खेत हुन् । बुद्ध श्रावक सङ्घ आमाबाबा यस प्रकारले जीवनमा धर्म वा पुण्यको निमित्त भौतारिँदै हिड्नेहरूलाई बुद्धले पुण्यरुपी बीउ रोप्ने खेत नै बुद्ध र श्रावक सङ्घको पक्तिमा आमाबुवा भनि आज्ञा हुनुभएकोबाट स्पष्ट हुन्छ ।

**आमाबुबाप्रति हाम्रो कर्तव्य के हो ?**

ब्रम्हाति मातापित्तरो - पुब्बा चरियति पुच्चेर अर्थात् आमाबुबा नै ब्रम्हा हुन्, पूर्व आचार्य हुन् । मैत्री, करुणा, मुदिता र उपेक्षा यी चार ब्रह्मविहार जो व्यक्तिसँग छ तीनै ब्रह्मा हुन्छन् । यी चारै ब्रह्मामय गुण आमाबुबासँग पनि भएकोले आमाबुबालाई ब्रह्मा भनिएको हो । आफ्ना छोराछोरीहरूलाई सारा जीवन सक्रिय र सक्षम बनाउन पहिलो आमाबुबाले नै सिकाइदिन्छन् । त्यस्तै नै आधुनिक नागरिक शास्त्रले पनि घर वा परिवार नै सामाजिक शिक्षाको पहिलो स्कूल भनिएको छ । यो लोकमा बुद्ध गुण अनन्त, धर्म गुण अनन्त, सङ्घ गुण अनन्त आमाबुबा गुण अनन्त छ ।

आमाबुबाप्रति गर्नुपर्ने कर्तव्यबाट विमुख भई आज हाम्रो समाजमा वितृष्णा बढेको छ । समाजमा आफू हुर्किसकेपछि समर्थवान भईसके पछि आमाबुबाहरूलाई विर्सिदिनेहरू पनि नभएको होइनन् तर त्यो पशु धर्म मात्र हो । त्यसैले चेतनशील मानिस

भएर ख्वाई पियाई गरी हुकाई बढाई दिनेहरूलाई आफू सुखपूर्वक बसेजस्तै आमाबुबाहरू पनि सुखित र मुदित बनाउने सभ्य समाजमा जसले पनि नगरी नहुने कर्तव्य हो । आमाबुबालाई पूजा नगर्ने व्यक्ति त्रिरत्नको पूजा गरेको पनि हुँदैन । बुद्ध धर्म र संघको् जतिसुकै भक्ति भाव गरे पनि आमाबुबाको सेवा सत्कार गरेन भने यिनीहरू साँच्चैको बौद्ध हुँदैनन् । हो, आमाबुबामा मात्र दोष वा दुर्वलता भन्ने छदै छैन भन्न सकिन्न । तैपनि त्यसमा च्युता राखी आफ्ना तर्फबाट सिद्ध हुनुपर्ने कर्तव्य पालन नगर्नु ठीक हुँदैन । जसको यथार्थ रुपले आमाबुबाको सेवा गर्ने इच्छा हुन्छ उसले बुद्धको निम्न पाँच उपदेश अनुसार गर्नुपर्छ भन्ने गृह-विनयका लेखकहरूको धर्म हो ।

१. भत्तो ने भरिस्सामि-बच्चादेखि मलाई पालन पोषण गरि ठूलो बनाइदिनुहुने मेरा आमाबुबाहरूको खुट्टा मिच्ने देखि सेवा गर्ने दुःखको बेलामा हेर विचार गर्ने आदिको लागि तत्पर हुनेछु भनि विचार गरिबस्नु पहिलो कर्तव्य हो ।
२. किच्चं ने सं करिस्साम-आमाबुबाहरूका सत्कार सम्बन्धि काम र अरु घर खेत सम्बन्धि काम पनि विस्तारै चाहिने बेलामा आफैले जिम्मालिई यिनीहरूलाई विश्राम दिने अनि आमाबुबाका तर्फबाट भइरहेको बेलामा हेरी सुव्यवस्थित हुने गरी यिनीहरूका काम गरी यिनीहरूलाई सन्तोष दिनु हो ।
३. कुलवंस ठपेस्सामि कुलवंस चलिआएको सामाजिक चारित्रवारित्र कार्य नविर्सिकन आरक्षा गर्नु आमाबुबाले कमाई राखेको घरखेत, धन सम्पत्ति नबिगार्नु, कुनै नहुँदो कल्पना आए पनि यो कुल परम्परालाई नसुहाउँदो काम मैले गर्नुहुँदैन भनि नगर्ने तेस्रो कतर्व्य हो ।
४. दायज्ज पटिपज्जामि कुनै आमाबुबाहरूका तर्फबाट छोराछोरीहरूलाई प्राप्त हुने अंश लिन- योग्य व्यक्ति हुने गर्नुपर्छ । आमाबुबाहरूले अंश दिनुभन्दा अगाडि अथवा कामको भार दिनु अगाडि छोराछोरीहरू सुवच र व्यवहार कुशल भएको हेर्न चाहन्छन् । त्यसैले सुवच र व्यवहार कुशल हुनखोज्नु पर्छ ।
५. पेता नं, कालकता नं, दक्खिणं अनुपदस्सामि - परलोक प्राप्त भएका आमाबुबाहरूलाई विर्सनु सत्पुरुषहरूको धर्म होइन् । समयानुसार गुण सम्झी पुण्य दिने गर्नुपर्छ । आमाबुबाको नामले आ-आफ्ना श्रद्धा अनुसारले धार्मिक क्रियामा अनुवल दिन सक्नुपर्छ ।

जुन व्यक्तिले हृदयदेखि श्रद्धा राखी आमाबुबाको सेवा सुश्रुषा गर्छ उसको दिनप्रति दिन अभिवृद्धि हुन्छ । "आमाबुबानुकम्पी तस्स महानाम कुलपुतस्स बुडियेव पाटीं कंखा नो परिहानि अर्थात् आमाबुबाको अनुकम्पा र आशीर्वाद प्राप्त गरेका बच्चाहरूका उन्नति हुनु बाहेक परिहानि कहिल्यै हुँदैन् । आमाबुबाको आशीर्वाद देवताहरूको आशीर्वाद भन्दा ठूलो छ । आमाबुबाहरू छोराछोरीहरूलाई आशीर्वाद दिनु जहिले पनि तयार हुन्छन्, त्यसैले त्यो आशीर्वाद थापिलिनु छोराछोरीहरूको अधिकार र कर्तव्य हो । त्यसैले आमाबुबाको उपस्थान गर्नु महान पुण्य कार्य हो ठूलो कुशल कर्म हो ।

*(२५६० औं बुद्ध जयन्तिको उपलक्ष्यमा युवा वर्गको व्यक्तित्व विकासको लागि मैत्रेय युवा संघबाट आयोजना भएको बक्तृत्व प्रतियोगितामा प्रथम भएको प्रस्तुती लेख ।)*

◆

# खराब संगतबाट बच्नु पर्दछ

✍ प्रज्वल धुख्वा
परियति कक्षा ६, मैत्रय परियति केन्द्र, भक्तपुर


प्रज्वल धुख्वा

नमो तस्य भगवतो अर्हतो सम्मासम्बुद्धस्स, वहाँ भगवान अर्हत् सम्यक सम्बुद्धलाई वन्दना । मञ्चमा आशन ग्रहण गर्नुभएका यस सभाका सभापतिज्यू, कार्यक्रमको प्रमुख अतिथिज्यू, भिक्षु-भिक्षुणीहरू, निस्पक्ष निर्णायक मण्डल, मेरो प्रतिस्पर्धी साथीहरू लगायत विभिन्न संघ-संस्थाबाट पाल्नुभएका तपाईंहरू सबैमा म प्रज्वल धुख्वा मैत्रय युवा संघ, भक्तपुरको तर्फबाट न्यानो अभिवादन व्यक्त गर्दछु । आज भइरहेको यस वक्तृत्वकला प्रतियोगितामा आफू पनि प्रतियोगी भई भाग लिन पाउँदा ज्यादै भाग्यमानी थान्दछु । यसको लागि यस कार्यक्रमका सञ्चालक सबैलाई धन्यवाद दिन चाहन्छु । आजको यस प्रतियोगितामा मैले "खराब संगतबाट बच्नु पर्दछ" भन्ने विषयमा आफ्नो तर्क राख्न चाहन्छु ।

भनिन्छ नि, एउटा कुहिएको आलुले सम्पूर्ण बाँकी रहेको आलुलाई कुहाउँछ । यसैगरी खराब संगत गर्नु भनेको एउटा कुहिएको आलुको सम्पर्कमा आउनु सरह हो । जसले एकजना मानिसलाई पुरै तरिकाले ध्वस्त बनाइ दिन्छ । मानिस एक सर्वश्रेष्ठ प्राणीको रुपमा गनिन्छ । जसले असल-खराब, राम्रो-नराम्रो, हित-अहित सबै छुट्याउन सक्छ । साथै उसले जीवनयापनको क्रममा आफ्नो यात्रारुपी जीवन अघि बढाउन थुप्रै सहयात्रीहरूको अपेक्षा पनि गर्दछ । यसरी यात्रारुपी जीवन अगाडि बढाउने क्रममा सदा उसले कसैको साथ-सहयोगको आशा गर्दछ र पाउँछ पनि तर यदि उसले नराम्रो संगत वा सहयात्री छान्यो भने पक्कै पनि ऊ आफ्नो गन्तव्यमा कदापि पुग्न सक्दैन । जसरी कुहिरोमा हरायको कागले आफ्नो दिशा भुल्दछ । त्यसरी नै उसले आफ्नो गन्तव्यबाट हात धुनुपर्नेछ ।

धम्मपदको पण्डित वर्गमा पनि यस्तो भनिएको छ-

न भजे पापके भित्ते - न भजे पुरिसा धमे ।
भजेय भित्ते कल्याणे - भजेय पुरिसुत्तमे ॥

अर्थात् - पापी मित्र र अधर्म पुरुषको संगत नगर, कल्याण मित्र र उत्तम पुरुषको संगत गर ॥

*त्यसैगरी मंगल सुत्रको यो श्लोकमा पनि उल्लेख गरिएको छ*

असेवना च बालानं, पण्डितानं च सेवना
पूजा च पूजनेय्यानं, एतं मंल मुत्तमं
अर्थात् -मूर्खहरूको संगत नगर्नु, पण्डितहरूको संगत गर्नु,
पूज्यहरूको पूजा गर्नु, यी उत्तम मंगल हुन् ।

यसप्रकार भगवान् बुद्धले आफ्नो उपदेशद्वारा हामी खराब अथवा नराम्रो संगतबाट बच्नुपर्दछ भनेर भन्नुभएको छ । यसका साथै गृही विनयमा पनि राम्रोसँग उल्लेख गरिएको छ कि कुमित्रको संगत गर्नाले वा कुसंगतले सम्पतिको विनाश हुन थाल्दछ । कुमित्रको संगत गर्नुमा ६ वटा दोष यस प्रकार छन् -

१) त्यस्तो व्यक्तिलाई त्यस्तै व्यक्तिहरू मात्रै भेटिन आउँछन्, जो बाहृमासे, रक्सीबाज, व्यभिचारी, बदमास हुन्छन् ।
२) त्यस्तो व्यक्तिको साथीहरू होटल, भट्टी मात्रै चहारी पैसा उडाएर हिंड्ने हुन आउँछन् ।
३) जाँड-रक्सी, गाँजा, भाँग, अफीम आदि मादक पदार्थ सेवन गरेर हिंड्ने मानिससँग त्यस्तै व्यक्ति साथी हुन आइपुग्छन् ।
४) त्यस्ता व्यक्तिले परजनले आफूलाई गरिराखेको गुण बिर्सिदिन्छन् । गुण नचिन्न, अकृतज्ञहरू खाली छलफल धोका-बाजी गरेर हिंड्ने मानिस त्यस्ता व्यक्तिका साथी हुन आइपुग्छन् ।
५) त्यस्ता व्यक्तिका साथीहरू छट्टू, लुच्चा, ढटुवा, देखादेखी ठगेर लगी जीविका गर्ने ठग बदमासहरू हुन आउँछन् ।
६) लुटाहा, डाँकू, चोर, फटाहा यस्तै यस्ता मात्रै त्यस्ता व्यक्तिका साथी हुन आइपुग्छन् ।

यस प्रकार यदि हामीले कुमित्रको संगत गर्नाले यी ६ वटा दोष हुन्छन् भनेर जान्यौ भने अवश्य पनि हामी चार प्रकारका असत् मित्रहरू चिन्दछौं ।

१) अर्काको वस्तु मात्र लिने इच्छा गर्दछ तर आफ्नो वस्तु दिने इच्छा गर्दैन ।
२) वचनले मात्रै मित्रभाव देखाई कामले केही नगर्ने व्यक्ति
३) मूर्खको अगिल्तिर प्रशंसा गरी पछिल्तिर निन्दा गरेर हिंड्ने
४) नचाहिने-नचाहिने काममा अर्थात् धन नाश हुने काममा मात्रै सल्लाह दिने व्यक्तिबाट बच्न सक्छौं र तीन प्रकारका सतमित्रहरूको संगत गर्न सक्छौं जस्तै -

**१) उपकार गर्ने मित्र**

क) उपकार गर्ने व्यक्तिलाई राम्रो चित्तको 'कल्याण मित्र' भनेर जान्नुपर्दछ :
ख) प्रमाद भइरहेकोलाई रक्षा गर्दछ अर्थात् कुनै साथी सुरापानको कारण अचेत भएर बाटामा परिरहेको देख्यो भने दया राखी त्यस्को होस नआएसम्ममा रक्षा गरेर बसिरहन्छ ।
ग) प्रमादी भइरहेको व्यक्तिको धनसम्पति रक्षा गर्दछ ।
घ) डराएको व्यक्तिलाई शरण भरोसा बाँधी निर्भय प्रदान गर्दछ ।
ङ) कुनै आवश्यक काम कुरा गर्ने बखतमा फाइदा हुने तरिकाले अर्ति बुद्धि दिन्छ ।

**२) सुख-दुःखमा उपकार गर्ने मित्र**

चार प्रकारले सुख-दुःख दुवैमा उपकार गर्ने व्यक्तिलाई राम्रो चित्तको कल्याण मित्र भनिन्छ ।

क) विश्वास गरेर सबै गुप्त कुराहरू समेत खोलेर बताउँछ ।

ख) साथीहरूको कुनै गुप्त कुरा आफैलाई बताए पनि विश्वासी बनी मुखबाट कहीं बाहिर प्रकाश गर्दैन ।

ग) आफ्नो साथीलाई आपत-विपत पर्दामा कहिल्यै पनि छाड्दैन ।

घ) सुहृदय साथीले आफ्नो साथीको निम्ति ज्यान समेत परित्याग गर्दछ ।

३) बुद्धि हुने अर्ति दिने मित्र

परस्पर प्रेममा रहेका व्यक्तिहरूलाई फटाइ दिने काम गर्ने बानी भएको छ भने त्यसलाई अर्ति बुद्धि दिन्छ -

क) अकुशल कर्मको दोष देखाई साथीलाई असल - बाटोमा ल्याउने कोसिस गर्दछ ।

ख) अकुसल तथा कुकर्म छोडेपछि प्राप्त हुने आनिशंसको कुरासमेत देखाइ पापबाट बचाउँछ ।

ग) असल कर्म कार्यमा साथीलाई नियुक्त गर्दछ ।

स्पष्टको लागि म शक्ति गुम्ब जातक कथा भन्न चाहन्छु । जसमा दाजुभाई सुगाहरू भयानक आँधिवेरी आएर उडाएर लगे । भर्खरै कलिलै उमेरका ती सुगाहरूमध्ये एउटा ऋषिको आश्रममा फूलमालाको बिचमा खसेको कारण पुष्फक नाम दिई ऋषिहरूले पालन पोषण गरिराखे । अर्को भने चोर डाकाहरूको गाउँमा शस्त्रअस्त्रबीच यो खस्न पुग्यो । तसर्थ उसलाई सतिगुम्ब भनियो ।

एक दिन त्यस राष्ट्रका राजा वन विहारका लागि आफ्ना सारथीसँग भ्रमण गर्न गए । तब एकछिन आराम गर्ने मनशायले नजिकै विश्राम गरे । तब सतिगुम्ब सुगाले राजालाई देखी चोर डाँकाहरूकै स्वभावमा भन्न थाल्यो । लौ ! लौ ! महाराजलाई मार काट । यसलाई लुट, बाँकी नराख आदि । यस्ता डर लाग्दा वचन सुनेर राजा भागेर पुन: एक स्थान पुगी विश्राम गरे । यो स्थान पुष्फलकको थियो । राजालाई देखेर पुष्फकले भने आउनुहोस्, पाल्नुहोस्, गर्मी भए चिसो पानी लिनुहोस्, भोक लागे फलफूल खानुहोस् आदि ।

यी प्रिय शब्दहरू सुन्दा राजा निकै अच्चमित हुन पुगे । तब राजाले अघिको सतिगुम्ब सुगाको व्यहोरा प्रस्तुत गर्दा पुष्फकले आफ्नै भाई भएको तर चोर डाकाहरूको संगतमा परेको हुनाले संगत गुणको फल भन्दै राजालाई सधैं सत्य पुरुषको संगत गर्नुपर्छ भनी उपदेश दिए ।

यस्ता धेरै उदाहरणहरू छन् : जस्तै अजात शत्रुले देवदत्तको संगतमा आएर आफ्नो पितालाई मारेको थियो ।

त्यसैले हामीले हाम्रो जीवनलाई सही मार्गमा लानको लागि एक असल मित्र अर्थात् राम्रो साथीको संगत गर्नुपर्छ । जसरी चुन्द्र सुभद्राको सम्पर्कमा आएर उसको उपदेश सुनेर उनका सासु ससुरा पनि राम्रो मार्गमा लागेका छन् । ठीक त्यसरी नै आफ्नो जीवनरुपी रथ अगाडि बढाउनको लागि माथि दिएको असत मित्रको दोष जानी सत मित्रहरूको संगत गर्नुपर्दछ भन्दै म यहाँबाट बिदा हुन्छु ।

*भवतु सब्ब मङ्गलम*

*(सुलक्षण कीर्ति विहार, चोभारको आयोजनामा २०७५ पुष २८ गते भएको वक्तृत्वकला प्रतियोगितामा प्रथम हुनुभएका मैत्रय युवा संघ भक्तपुरबाट सहभागी प्रतियोगी प्रज्वल धुख्वाको प्रस्तुती)*

◆

# सम्झनुस् ! सम्झनुस् !! सम्झनुस् !!!

## EG WORLD



हाम्रो नयाँ पसलमा बेड सीट, ब्लाङ्केट, टावेल, कुसन, बोलिस्टार, चकटी, पिलो र कभरहरु तथा लगेज ब्यागहरुको निमित्त यहाँहरुको हार्दिक स्वागत गर्दछ ।

स्थान : रामदेवी कम्प्लेक्स

गपली-४, भक्तपुर, पसल नं.: ४११ (तेस्रो तल्ला)

सम्पर्क : पुष्पलाल सुजखु/सुदिल सुजखु

(९८५१०५९६८९/ ९८४९३६१४६४)

# श्री सिद्धि गणेश निर्माण सेवा

गोल्मढी-७, भक्तपुर

प्रो. सानु बहादुर गोसाई

९८४१३६७८०४

प्रो. निरग गोसाई

९८६००१७४८५, ०१-६६१४८६२

हाम्रो सेवाहरु

- निर्माणसम्बन्धी सम्पूर्ण कार्य गर्ने ।
- नक्सा, जग्गा नाप्ने, **Ploting** गर्ने ।
- निर्माण सम्बन्धी सम्पूर्ण सल्लाह सुझाव चाहेमा हामीलाई सम्झनुहोस् ।

# श्री जय हनुमान हार्डवेयर सेन्टर

जगाती, भक्तपुर, फोन नं. ६६१७००३

## सिमेन्ट तथा डन्डीको लागि हामीलाई सम्झनुहोस् ।

जि.प्र.का., भक्तपुर द.नं. १२६/२०६९/७०

# WE CARE, WE CURE

# वैद्य आयुर्वेद

## इनरे (सूर्यविनायकउकालो), सूर्यविनायक-८, भक्तपुर

**सदा सर्वदा सबैको आरोग्यको कामना !**

**नयाँ वर्ष २०७६ को हार्दिक शुभकामना !!**


## चिनियाँ वैद्य सन्ततिको पुर्ख्यौली सेवा

## वैद्य आयुर्वेद

## परम्परागत, आयुर्वेदिक पद्वति, जडिबुटी औषधिद्वारा सर्वरोगको उपचारकालागि समर्पित

**यहाँ पुरानो ग्याष्ट्रिक, पाइल्स, पत्थरी, दम, पिनास, दुखाइ, स्त्रीरोगका विरामीहरूको विशेष उपचार गरिन्छ । साथै, कब्जियत, जन्डिस, अजीर्ण, नशाच्यापिएको, बाथ, युरिक एसिड, यौन समस्या, ब्लड प्रेशर, सुगर, थाइराइड, प्रोस्टेटको पनि उपचार गरिन्छ । साथमा Oil Therapy, Steam Therapy,Dietary consultation को पनि व्यवस्था छ ।**

**समयः बिहान ७ बजेदेखि साँझ ८ बजेसम्म**




**चिकित्सकीय परामर्श गर्न अग्रिम नाम दर्ताका लागि**

**फोनः०१-५०९२६९७, ९८४१४९५५३६**

**email :baidya.ayurveda@gmail.com, aseemunlimited.asm@gmail.com**

**facebook: www.facebook.com/BaidyaAyurveda**